मुख्य न्यायाधिवक्ताको

# वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७७/०७८




मुख्य न्यायाधिवक्ताको कार्यालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।



प्रदेश प्रमुख समक्ष मिति २०७४/१२/२८ गते पद तथा गोपनियताको सपथग्रहण
लिनु हुँदै प्रथम मुख्य न्यायाधिवक्ता विद्याभुषण मानन्धर ज्यू



प्रदेश प्रमुख समक्ष मिति २०७७/१२/०६ गते पद तथा गोपनियताको सपथग्रहण
लिनु हुँदै वर्तमान मुख्य न्यायाधिवक्ता मातृका प्रसाद खनाल ज्यू

मानननीय प्रदेश प्रमुख श्री गोविन्द प्रसाद कलौनी ज्यू

समक्ष

मुख्य न्यायाधिवक्ता

मातृका प्रसाद खनाल ज्यूले

पेश गरेको

आर्थिक वर्ष २०७७/७८ को

# वार्षिक प्रतिवेदन

## मुख्य न्यायाधिवक्ताको कार्यालय

**कर्णाली प्रदेश**

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

# मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदन

**आर्थिक वर्ष २०७७/७८**


| | | |
|---|---|---|
| प्रकाशक | : | मुख्य न्यायाधिवक्ताको कार्यालय<br>कर्णाली प्रदेश, सुर्खेत |
| सम्पादन समूह | : | शाखा अधिकृत श्री भिमराज गौली<br>शाखा अधिकृत श्री श्रीराम ओझा<br>नायव सुब्बा श्री लक्ष्मी प्रसाद लामिछाने |
| कम्प्युटर टाइप | : | सहायक कम्प्युटर अपरेटर श्री अमिता कुमारी चन्द |
| प्रकाशन संख्या | : | १०० |
| प्रकाशित मिति | : | २०७८ असोज |
| फोन नं. | : | ०८३–५२४१९१, ०८३–५२४३०४ |
| वेभसाइट | : | www.cag.karnali.gov.np |
| इमेल | : | ochiefattorney@gmail.com |
| मुद्रण | : | नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि.<br>वीरेन्द्रनगर, सुर्खेत |

# मुख्य न्यायाधिवक्ताको कार्यालयका पदाधिकारी सहित कार्यरत कर्मचारीहरू



**मुख्य न्यायाधिवक्ता**
**मातृका प्रसाद खनाल**
**२०७७/१२/०६**



**नि. कार्यालय प्रमुख**
**(शाखा अधिकृत)**
**भिमराज गौली**
२०७६/८/१ देखि २०७७/९/१



**कार्यालय प्रमुख**
**(उप-सचिव)**
**द्रोणदत्त पौडेल**
२०७७/९/२



शाखा अधिकृत
श्रीराम ओझा



अधिकृत छैटौ
श्री खेमराज के.सी.



लेखा अधिकृत छैटौ
श्री निर्मला गौली



ना.सु.
श्री लक्ष्मीप्रसाद लामिछाने



स.कम्प्युटर अपरेटर
श्री अमिता कुमारी चन्द



ह.स.चा.
श्री पूर्ण बहादुर जि.सी.



का.स.
श्री बुद्धिराम चौधरी



का.स.
श्री निर्कला विष्ट

# मुख्य न्यायाधिवक्ताको कार्यालय

**वीरेन्द्रनगर, सुर्खेत**

**माननीय प्रदेश प्रमुख ज्यू**
**प्रदेश प्रमुखको कार्यालय**
**कर्णाली प्रदेश, सुर्खेत ।**

**विषय : आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।**

नेपालको संविधान २०७२ को धारा १६० तथा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार तथा सेवाका सर्त सम्बन्धि ऐन २०७५ को दफा १३ मा मुख्य न्यायाधिवक्ताले संविधान र प्रदेश कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्ने र प्रदेश प्रमुखले प्रदेश सभा समक्ष पेश गर्ने व्यवस्था गरिएको छ। यसरी पेश गर्ने वार्षिक प्रतिवेदनमा संविधान तथा कानूनी विषयमा वर्ष भरिमा प्रदेश सरकार, मन्त्रालय, निकाय तथा अधिकारीलाई दिएको राय, प्रदेश सरकार मन्त्रालय तथा निकायलाई पक्ष वा विपक्षी बनाई दायर भएका रिट निवेदनहरुको विवरण, मुख्य न्यायाधिवक्ताको कार्यालयलाई प्राप्त श्रोत साधनको व्यवस्थापन, बहस, पैरवी तथा प्रतिरक्षाको विवरण, मुद्दा तथा रिट निवेदनहरुको सफलता, असफलताको स्थिति, रिट निवेदनका प्रकृति रिट निवेदन उपर देखिएका समस्या तथा भविष्यमा गर्नु पर्ने सुधारका विषय समेत समावेश गरि प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ ।

संघीयताको सफल कार्यान्वयन मार्फत देशलाई स्थायित्व प्रदान गर्न संविधानको मर्म र भावना बमोजिम संवैधानिक सर्वोच्चता कानूनको शासन, मानव अधिकारको संरक्षण र नागरिक तथा वैयक्तिक अधिकारको सुनिश्चितता गर्नु मुख्य न्यायाधिवक्ताको जिम्मेवारी रहेको छ । यस कार्यालयबाट गरिने कार्यहरु कानूनसम्मत, वस्तुनिष्ठ, पारदर्शी र औचित्य पूर्ण हुन जरुरी छ भने कर्मचारीहरुमा जवाफदेहिता, उत्तरदायित्व बहन गर्ने र इमान्दारिता त्यतिकै आवश्यक छ। संगठनको लक्ष्य, उद्देश्य र कानूनी जिम्मेवारीलाई सार्थक रुपमा पुरा गर्न उपलब्ध जनशक्तिको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्नु अति आवश्यक हुन्छ।कार्यालयको आफ्नै भवन र अन्य भौतिक पूर्वाधारको उपलब्धता तथा प्रविधिमैत्री वातावरण अर्को महत्वपूर्ण पक्ष हो । मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलको कार्य व्यावसायिक प्रकृतिको कार्य हुँदा व्यावसायिक र दक्ष बनाउन सके मात्र बहस, पैरवी र प्रतिरक्षामा प्रभावकारिता आउने देखिन्छ।

संविधानको मर्म, भावना तथा उदेश्यलाई प्रभावकारी बनाउने जिम्मेवारी प्रदेशमा रहेको मुख्य न्यायाधिबक्ता र मातहतमा रहेका सरकारी वकिलहरुमा रहेको हुन्छ । मुख्य न्यायाधिबक्ताको कार्यालयहरुबाट गरिने कार्यहरु वास्तविक, पारदर्शी र कानून सम्मत हुनु पर्छ । सरकारी वकील र अन्य कर्मचारीहरुमा समेत व्यवसायिक इमान्दारीताका साथै जिम्मेवारी बोधको ज्ञान उत्तिकै आवश्यकता रहन्छ । राष्ट्रसेवक कर्मचारीहरुलाई व्यवसायिक सिप र ज्ञान दिई स्वतन्त्र ढंगले आफ्नो कार्य क्षेत्रमा काम गर्ने अनुकूल वातावरण श्रृजना गर्नु पर्दछ भने सरकारी वकीलहरुको व्यवसायिक सिप र क्षमता विकास गर्न सुढृढ एवं प्रभावकारी बहस पैरवीका लागि रिट क्षेत्र रहेका सम्बन्धित निकायहरु मार्फत तालिम प्रशिक्षणको व्यवस्थापन गर्नु पर्ने देखिन्छ । यसका अलवा तालुक निकायले आफु मातहतका कर्मचारीहरुलाई समयमै मुख्य न्यायाधिवक्ताको कार्यायलयमा खटाइ आफ्नो संवैधानिक दायित्व पुरा गर्नु पर्ने देखिन्छ ।

स्वतन्त्र र निष्पक्ष कार्य सम्पादनबाट प्रदेश सरकारको अवधारणालाई साकार पार्न समाजमा शान्ति सुव्यवस्था कायम गर्न र आम नागरिकको मौलिक हक, मानव अधिकारको संरक्षण तथा सार्वजनिक सरोकारसंग तात्विक सम्बन्ध भएका विवादमा उत्पन्न हुन सक्ने कठिनाइ वा दुविधालाई हटाउन, कानूनी राय दिने न्यायिक निकायमा प्रदेश सरकारको तर्फबाट उपस्थित भै प्रतिनिधित्व गर्ने कार्य हुदै आइरहेको छ । तसर्थ मुख्य न्यायाधिवक्ताको कार्यालयको भुमिकालाई उचित महत्व दिने र प्रतिवेदनमा औंल्याइएका समस्याको सम्वोधन भएमा संविधान र कानुनले सुम्पेको जिम्मेवारी सफलरुपमा सम्पादन गर्न सहयोग मिल्ने आशा गरेको छु ।

अन्तमा कानूनी शासन, मानव अधिकार प्रभावकारी प्रतिरक्षाका लागि मुख्य न्यायाधिवक्ता मातहतका अधिकृत तथा सहायक कर्मचारीहरु सदैव दृढतापूर्वक सक्रिय रहने व्यहोरा अनुरोध गर्दै उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालयका तर्फबाट आर्थिक वर्ष २०७७/०७८ सालको सम्पादित कामको संक्षिप्त विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष सादर निवेदन गर्दछु ।

२४ असोज २०७८

...............................

**मातृका प्रसाद खनाल**
मुख्य न्यायाधिवक्ता
मुख्य न्यायाधिवक्ताको कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

# विषय सुची

## पहिलो खण्ड


| | | |
|---|---|---|
| १. | सामान्य परिचय | १ |
| १.१ | ऐतिहासिक पृष्ठभूमी | १ |
| १.२ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार | ३ |
| १.३ | सरकारी वकीलको जिम्मेवारी | ४ |
| १.४ | वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धि व्यवस्था | ५ |
| १.५ | संगठनात्मक स्वरुप र व्यवस्थापन | ५ |
| १.६ | संगठनात्मक स्वरुपको विकास र भौतिक अवस्था | ७ |
| १.७ | संगठन तथा व्यवस्थापनको वर्तमान र भावी कार्य दिशा | ९ |


## दोस्रो खण्ड


| | | |
|---|---|---|
| २.१ | रिट निवेदनको अवधारणा विकास र लिखित जवाफ | १३ |
| २.२ | सर्वोच्च अदालतको अधिकार क्षेत्र र रिट दायरी | १४ |
| २.३ | उच्च अदालतको अधिकार क्षेत्र र रिट दायरी | १५ |
| २.४ | रिट निवेदनहरुको तालिका सहितको संक्षिप्त विवरण | १७ |


## तेस्रो खण्ड


| | | |
|---|---|---|
| ३.१ | वार्षिक बजेट | २३ |
| ३.२ | भौतिक तथा सवारी साधनहरुको अवस्था | २३ |
| ३.३ | सवारी साधनको विवरण | २४ |
| ३.४ | जिन्सी मौज्दातको विवरण | २५ |


## चौथौ-खण्ड


| | | |
|---|---|---|
| ४ | मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कार्यहरुको झलक | २७ |
| ४.१ | सरकारी वकिल र प्रहरी संग समसामयिक तथा प्रचलित कानुन कार्यन्वयन चुनौती र समस्या समाधानका विषयमा प्रदेश स्तरमा प्रशिक्षण तथा अन्तरक्रियात्मक गोष्ठी, २०७७ | २७ |

४.२ मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेश सुर्खेतको स्वीकृत अर्धवार्षिक कार्यक्रम अनुसार "कानूनी एवं लिखित जवाफ सम्बन्धी दुइ दिने अन्तरक्रियात्मक प्रशिक्षण" ३१
४.३ सरोकारवाला निकायको प्रतिनिधि तथा नागरिकको बिचमा न्यायमा पहुँच विषयक कार्यक्रम २०७७ ३४
४.४ मुख्य न्यायाधिवक्ताको कार्यालयको काम कारवाही एवं महान्यायाधिवक्तासँगको अन्तर सम्बन्ध विषयक तेस्रो राष्ट्रिय कार्यशाला २०७७ ३६
४.५ महान्यायाधिवक्ताको कार्यालयले संचालन गरेको कार्यक्रमको झलक ३७

## पाँचौ-खण्ड

५.१ मुख्य समस्या, सुझाव तथा विविध विषयको विवरण ३९
५.२ सुझाव तथा सल्लाह ४०
५.३ मुख्य न्यायाधिवक्ताको कार्यालयका अवसर र चुनौतीहरु ४१
५.४ मुख्य न्यायाधिवक्ताको कार्यालयका चुनौतिहरु ४३
५.५ निश्कर्ष ४३
६. मुख्य न्यायाधिवक्ताको काम कर्तव्य अधिकार तथा सेवाका सर्त सम्बन्धि व्यवस्था गर्न बनेको ऐन २०७४ ४४
७. प्रदेश सभा माननीय ज्यूहरुको नामावली ४९
८. प्रदेश प्रमुख तथा कर्णाली प्रदेश सरकारका प्रमुख, मुख्यमन्त्री र मन्त्रीज्यूहरुको नामावली ५०
९. आ.व. २०७७/७८ मा भएका कार्यक्रमहरुको झलक ५१
१०. आ.व.२०७५/७६ मा मुख्य न्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरु ५५
११. आ.व.२०७६/७७ मा मुख्य न्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरु ५६
१२. मुख्य न्यायाधिवक्ता ५६
१३. आ.व.२०७५/०७६ मा यस कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण ५६
१४. आ.व.२०७६/०७७ मा यस कार्यालयमा कार्यरत कर्मचारी विवरण ५७
१५. मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारी विवरण ५८

पहिलो खण्ड

# परिचय

## १. सामान्य परिचय

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष न्यायपालिकाको परिकल्पना गर्दै कानूनी शासन प्रति प्रतिवद्धता र कानूनी शासनको स्थापनाको लागि स्वतन्त्र, निष्पक्ष र प्रभावकारी न्याय प्रशासनको आवश्यकता महसुस गरी संविधानमा नागरिकका आधारभुत अधिकारको रक्षा गर्न महत्वपूर्ण निकायको रुपमा संघमा महान्यायाधिवक्ता र प्रदेशमा मुख्य न्यायाधिवक्ताको व्यवस्था गरेको छ ।

नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने लगायत नेपाल सरकार र सरकारी निकायलाई संवैधानिक एवं कानूनी प्रश्नमा कानूनी राय उपलब्ध गराउने समेतको काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तालाई तोकिएको छ। प्रदेशमा मुख्य न्यायाधिवक्ता रहने व्यवस्था गरिएको र मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने, संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकीदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ भनि संवैधानिक एवं कानूनी जिम्मेवारी वहन गर्ने गरी सातै प्रदेशमा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना हुने क्रममा यस प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा समेत स्थापना भएको छ र सोही बमोजिम मुख्य न्यायाधिवक्तालाई तोकिए बमोजिमको कार्य सम्पादन गर्दै आइरहेको व्यहोरा विदितै छ।

### १.१ ऐतिहासिक पुष्ठभूमि

नेपाल सरकार वैधानिक कानून २००४ को धारा १२ को खण्ड "क" मा कानूनको विषयमा सरकारलाई आवश्यक परेको राय सल्लाह पेश गर्न कानूनी सल्लाहकार श्री ३ बाट नियुक्ति हुने भन्ने व्यवस्था गरिएको भए पनि उक्त कानून कार्यान्वयनमा आउन सकेन। नेपाल अन्तरिम शासन विधान २००७ मा महान्यायाधिवक्ता सम्वन्धि कुनै व्यवस्था नगरिएको भए तापनि सरकारको कानूनी सल्लाहकारको आवश्यकता महशुस गरी

कार्यकारिणी आदेशबाटै वि.स.२००८ साल पौष ८ गते पहिलो पटक नेपालमा महान्यायाधिवक्ता नियुक्त गरिएको थियो। ततपश्चात विभिन्न संविधानले महान्यायाधिवक्ताको व्यवस्था गर्दै आएकोमा नेपालको स्वन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखेर जनताको सार्वभौम अधिकारलाई आत्मसात गर्दै राष्ट्रहित, लोकतन्त्र, र अग्रगामी परीवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष त्याग र बलीदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहिदहरु तथा वेपत्ता पारिएका र पिडित नागरिकलाई सम्मान गर्दै सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतीक तथा भौगोलिक विविधतापूर्ण विशेषतालाई आत्मसाथ गर्दै जनताको प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन प्रणाली, पूर्ण स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र निश्पक्ष, सर्व-सुलभ र सक्षम न्यायपालीका तथा कानूनी राज्यको अवधारणा लगाएतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति पूर्ण प्रतिवद्ध रही संवृद्ध राष्ट्रनिर्माण गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्न दोस्रो संविधान सभाबाट २०७२ साल अशोज ३ गते नेपालको सविधान जारी भएको हो। उक्त संविधानको धारा १५७ मा महान्यायाधिवक्ता र धारा १६० मा प्रत्येक प्रदेशमा एक जना मुख्य न्यायाधिवक्ता रहने र निज मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने, संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने, प्रदेश सरकार पक्ष वा विपक्ष भएको मुद्दामा सम्बन्धित अड्डा अदालतमा उपस्थित भई वहस, पैरवी र प्रतिरक्षा गर्ने सहितको कार्य गर्न मुख्य न्यायाधिवक्तालाई जिम्मेवारी तोकिएको छ भने सोही अनुसार यस कर्णाली प्रदेशमा पनि मुख्य न्यायाधिवक्ताको **मिति २०७४/१२/२८ मा** नियुक्ति भई २०७७/११/१ मा राजीनामा दिए पश्चात मिति २०७७/१२/०६ देखि मुख्य न्यायाधिवक्ताको पदमा माननीय मातृका प्रसाद खनाल ज्यूको नियुक्ति भई सोही बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालयबाट तोकिएको कार्य सम्पादन हुँदै आइरहेको छ। नेपाली जनताको विगत ७० वर्षको लामो संघर्ष र वलीदानी पश्चात नेपाली जनताको प्रत्यक्ष सहयात्री तथा निजहरुद्वारा निर्वाचित प्रतिनिधिहरुद्धारा जारी भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान सभाले मुलुकको शासन अझै सुदृढ एवं प्रभावकारी बनाउन र विगतको एकात्मक राज्य

प्रणाली विघटन गर्दै संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह समेतको राज्य पुनसंरचना गरी नेपालमा ७ प्रदेशको स्थापना भएको छ। सो बमोजिम संघमा महान्यायाधिवक्ता प्रत्येक प्रदेशमा १ जना मुख्य न्यायाधिवक्ता रहने र सबै प्रदेशमा मुख्य न्यायाधिवक्ताको कार्यालय रहने व्यवस्था भए बमोजिम हरेक प्रदेशमा सम्बन्धित प्रदेशका मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले मुख्य न्यायाधिवक्ता नियुक्त गर्ने व्यवस्था गरेको छ।

## १.२ मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र जिम्मेवारी

संविधान सभाबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक जना मुख्य न्यायाधिवक्ता रहने, निजको नियुक्ति सम्वन्धित प्रदेशका मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने, मुख्यमन्त्रीले चाहेको अवधि सम्म मुख्य न्यायाधिवक्ता आफ्नो पदमा वहाल रहने, उच्च अदालतको न्यायाधीश हुने योग्यता भएको व्यक्ति मुख्य न्यायाधिवक्ताको पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्थाका साथै मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार भइ संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह दिनु, प्रदेश सरकारको तर्फबाट प्रदेश सरकार पक्ष वा विपक्ष भएको मुद्दामा तोकिएको अड्डा अदालतमा उपस्थित भई वहस, पैरवी र प्रतिरक्षा गर्ने लगायत संविधान र कानूनमा तोकिए बमोजिम प्रदेश सभालाई कानूनी प्रश्नमा राय दिने समेतका जिम्मेवारी तोकिएको छ।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन ऐन) २०७४ को दफा ३८ मा व्यवस्था भए बमोजिम कैद सजाय पाएका कसूरदारको पुनर्स्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग समेत पुऱ्याउनको लागि संघमा माननीय महान्यायाधिवक्ता ज्यूको अध्यक्षतामा संघीय प्रोवेशन तथा प्यारोल बोर्ड रहने र सोहि दफाको उपदफा (२) मा संघीय प्रोवेशन तथा प्यारोल बोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मा. मुख्य न्यायाधिवक्ता ज्यूको अध्यक्षतामा प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड रहने कानूनी व्यवस्था समेत गरेको छ, जुन गठन प्रकृयामा रहे पनि हाल सम्म गठन हुन सकेको छैन।

## १.३ सरकारी वकीलको जिम्मेवारी

नेपालको संविधानको धारा १६० को उपधारा (६) मा मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहने कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्नेछ भन्ने संवैधानिक व्यवस्था भए वमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालयमा आवश्यक पर्ने सरकारी वकीलहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुँदै आएको छ ।सरकारी वकीलको जिम्मेवारी व्यावसायिक प्रकृतिको हुन्छ र सरकारी वकील महान्यायाधिवक्ताको कार्यालय वा मातहत रहँदा महानन्यायाधिवक्ताको प्रत्यायोजित अधिकार प्रयोग गर्ने हैसियतमा काम गर्ने भएता पनि मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहँदा मुख्य न्यायाधिवक्ताको मातहतमा रहने र मुख्य न्यायाधिवक्ताले तोके वमोजिम प्रदेश सरकारको हक, हित र सरोकार निहित मुद्दामा अदालतमा उपस्थित भई प्रदेश सरकार तथा प्रदेश सरकारको तर्फबाट बहस, पैरवी र प्रतिरक्षा गर्ने काम गर्दै आएको अवस्था छ ।

सरकारी वकीलले आफ्नो पदीय जिम्मेवारी अनुसार भूमिका निर्वाह गर्ने क्रममा महान्यायाधिवक्ताको कार्यालय सो कार्यालय अन्तर्गतका उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयमा रहँदा कार्यकारी भूमिकामा रहि मुख्य फौजदारी मुद्दाको अध्ययन अनुसन्धान,अभियोजन, बहस, र पैरवी समेतको काम गर्नु पर्ने तर मुख्य न्यायाधिवक्ताको कार्यालयमा विशुद्ध रिट सम्बन्धि विषयमा मात्र वहस, पैरवी गर्दा केही संकुचित घेरामा बस्नु परेको अवस्था छ।सरकारी वकीलको कार्य क्षमतामा ह्रास आउने भएर पनि होला मुख्य न्यायाधिवक्ताको कार्यालयमा आउन सरकारी वकीलहरु हिचकिच्याउने गरेको पाइन्छ।मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरुको क्षमता अभिवृद्धि लगायतका व्यावसायिकता ल्याउने अन्य आर्कषण सुविधाको व्यवस्था हुन आवश्यक देखिन्छ जसले गर्दा सरकारी वकीलहरुलाई मुख्य न्यायाधिवक्ताको कार्यालयमा रोजेर आउने वातावरण सिर्जना गर्न आवश्यक देखिन्छ। यस कार्यालयमा कार्यरत सरकारी वकीलहरुले मुद्दाको अध्ययन, ऐन नियम सो सम्बन्धि नजिर अध्ययन, वहस र पैरवी देखि मिसिल व्यवस्थापनका कामहरु समेत आफै गर्नु पर्ने र मुद्दा सम्बन्धि काम गर्ने सुव्बा, खरिदार स्तरको कर्मचारीको अभाव रहेको देखिदा यस कार्यालयको कार्य प्रकृति अनुसार काम गर्ने सरकारी वकील समूहको सुब्बा स्तरको कर्मचारीको व्यवस्थापन हुनु अति आवश्यकता देखिएकफ छ।

## १.४ वार्षिक प्रतिवेदन पेश गर्ने सम्वन्धी व्यवस्था

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त ऐन २०७५ को दफा १३ मा मुख्य न्यायाधिवक्ताले वार्षिक रुपमा सम्पादन गरेका आफू वा आफनो कार्यालय मातहत भएका काम कारबाहीको वार्षिक प्रतिवेदन तोकिएको ढाँचामा प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्ने र उक्त प्रतिवेदन प्रदेश सभामा पेश हुनेछ भन्ने कानूनी व्यवस्था हरेको छ। सो व्यवस्था अनुसार प्रतिवेदनमा मुख्य न्यायाधिवक्ताले वर्ष भरिमा आफुले तथा आफ्नो कार्यालयबाट भए गरेका कामको विवरण र सरकार तथा प्रदेश सभालाई संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण, प्रदेश सरकार पक्ष वा विपक्षी भई दायर भएका मुद्दामा वहस, पैरवी र प्रतिरक्षा गरेको विवरणका अतिरिक्त कार्यालयको भौतिक स्थिति, कार्यबोझ र काम कारवाहीको वास्तविक स्थिति चित्रण गरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका विषयमा आवश्यक सिफारिस र सुझाव समेत उल्लेख गरेको हुनुपर्छ भन्ने संवैधानिक एवं कानूनी प्रावधान अनुसार मुख्य न्यायाधिवक्ताको जिम्मेवारीलाई यस प्रतिवेदनमा उल्लेख गरिएको छ।

## १.५ संगठनात्मक स्वरुप र व्यवस्थापन

नेपालको संविधानको धारा १६० को उपधारा (१)मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने। निज मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशका मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने, मुख्यमन्त्रीले चाहेको अवधि सम्म मुख्य न्यायाधिवक्ता आफ्नो पदमा वहाल रहने, प्रदेश सरकारलाई कानूनी राय दिने प्रदेश सरकारको तर्फबाट बहस, पैरवी एवं प्रतिरक्षा गर्ने लगायतका काम, कर्तव्य र अधिकार मुख्य न्यायाधिवक्तामा निहीत छन्।

मुख्य न्यायाधिवक्तामा निहित अधिकारहरु मुख्य न्यायाधिवक्ताको निर्देशनमा मातहतका अधिकृत कर्मचारीहरुलाई निर्देशन भए बमोजिम उप-सचिव र शाखा अधिकृत समेतबाट प्रयोग गर्ने गरी जिम्मेवारीको व्यवस्था गरिएको छ। मुख्य न्यायाधिवक्ताको कार्यालयका लागी स्वीकृत दरवन्दी बमोजिम अधिकृत कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने व्यवस्था भए अनुसार आवश्यक सरकारी वकीलहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट भई आएको अवस्था छ भने अन्य आवश्यक कर्मचारीहरुको व्यवस्थापन प्रदेश सरकारबाट हुदै आएको छ।यसरी संघ र प्रदेशबाट

संगठनको पदपूर्ति भई मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठनात्मक स्वरुप खडा भएको अवस्था छ।

संगठनको उद्देश्य हासिल गर्नका लागि दक्ष जनशक्ति तथा भौतिक संरचना र क्रियाकलापहरुको समन्वय र समुचित परिचालन हुनु पर्दछ। विभिन्न किसिमका ज्ञान, सीप, दक्षता र क्षमता भएका वहुआयामिक जनशक्तिको व्यवस्था र ती जनशक्तिको समन्वय र स्रोत साधनको कुशल व्यवस्थापनले नै संगठनको लक्ष्य हासिल गर्न सकिन्छ। संगठन भित्र भएका दक्ष, क्षमतावान र सीपयुक्त दक्ष जनशक्तिको पहिचान गरी संभव भए सम्म उनिहरुको क्षमता र रुची अनुसार जिम्मेवारी दिई व्यवस्थापन गर्न सकेमा मात्र संगठनको लक्ष्य प्राप्ती हुनेमा दुइ मत छैन। निर्धारित लक्ष्य अनुरुप प्रभावकारी रुपले कार्य संचालन गर्न कुशल व्यवस्थापन र दक्ष प्रशासनको आवश्यकता पर्दछ। दक्ष जनशक्तिको चयन उपयुक्त जिम्मेवारी एवं आर्थिक तथा भौतिक पूर्वाधारको पनि व्यवस्था महत्वपूर्ण हुन्छ। कार्यालयको आन्तरिक व्यवस्थापनका लागी भौतिक श्रोत साधन र सुविधाको समुचित पूर्तिले जनशक्ति उत्प्रेरित भई संगठनात्मक कार्य कुशलताको क्षमता विकास गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। नेपालको संविधानले सुम्पेको जिम्मेवारी अनुरुप कार्य सम्पादन गर्न स्थापित मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेश सुर्खेतको वर्तमान जनशक्ति व्यवस्थापनको अवस्था, भौतिक स्थिति र आवश्यकता समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

### हालको जनशक्ति व्यवस्थापन तालिका




## १.६ संगठनात्मक स्वरुप, विकास र भौतिक अवस्था

कुनै पनि संगठनको लक्ष्य प्राप्तिको लागि संगठन भित्र दक्ष जनशक्तिको परिपूर्ती श्रोतको समुचित व्यवस्थापन आवश्यकता अनुसारको भौतिक साधननै पहिलो शर्त रहन्छ ।संगठन भित्र लक्ष्य अनुसारको कार्य प्रभावकारीरुपमा संचालन गर्न संगठन भित्र उपयुक्त कार्य वातावरण, संगठनको आपसी समन्वय, उपस्थित कार्यकक्ष, भौतिक सामाग्रीहरुको उपब्धता समेत महत्वपुर्ण हुन। संगठन संरचना निर्माणको सुरुवाती चरणमा कार्यालय व्यवस्थापनमा जे-जुन अवस्थाका कठिनाईहरु देखा परेता पनि हाल आएर संगठनको जनशक्ति व्यवस्थापनमा तथा भौतिक श्रोत साधन र संरचनाको हिसावले सुधार र व्यवस्थित हुदै गएको अवस्था छ।प्रयाप्त नभए पनि स्थापना कालमा एक कोठा, एक टेवुल र कुर्चीको भरमा स्थापित यस कार्यलयले हाल एक घर बार्षिक रुपमा भाडामा लिई उपलब्ध साधन

श्रोतबाट आफ्नो कार्य सम्पादनलाई लक्ष्य उन्मुख रहेको पाइन्छ भने सो बमोजिम प्रदेश सरकारको कानूनी सल्लाहकार तथा प्रदेश सरकारको मन्त्रालय स्तरीय कार्यालय भएकोले संगठनात्मक एवं भौतिक संरचना र स्रोत साधनको दृष्टिकोणले पछाडी पारिएको जस्तो देखिन आएको र कार्य प्रगतिको दृष्टिकोणबाट मुख्य न्यायधिवक्ताको कार्यालयले आफ्नो उत्कृष्टता देखाइरेको कुरा तथ्यगत रुपमा जगजाहेर रहेको छ ।

देश संघीयतामा गई तीन तहको निर्वाचन मार्फत संघ, प्रदेश र स्थानीय सरकार गठन भई तीन तहका सरकार क्रियाशिल रहेको अवस्था छ।कार्यान्वयनको रुपमा आएको सरकार प्रति जनताको असीमित आशा अपेक्षा बढनु स्वभाविक नै देखिन्छ।हाल तीनै तहका सरकार गठन भै कार्यान्वयनमा आएसंगै सरकारका काम कारवाहीहरु समेत तिव्र गतिका रुपमा अगाडी बढीरहेको सन्दर्भमा नयाँ अनुभव कतिपय प्रक्रियागत त्रुटि लगाएतका थुप्रै कारणले प्रदेश सरकार तथा मातहतका निकायलाई विपक्षी वनाई रिट निवेदन हाल्ने काम प्रत्येक वर्ष बढिरहेको अवस्था देखिन्छ।हाल प्रदेश सरकार र मातहतका निकायलाई विपक्षी वनाई सर्वोच्च अदालतमा दर्ता भएका रिट निवेदनहरुका विषयहरुलाई तपसिलमा उल्लेख गरिन्छ।

संगठनको लक्ष्य प्राप्तिको लागि प्रभावकारी कार्य सम्पादन संगठनको जनशक्तिको मुख्य कर्तव्य हो। उपयुक्त वातावरण, त्यसका लागि भवन, आवाश, फर्निचर, कार्यालय संचालन सम्बन्धी सामाग्रीहरु लगायत भौतिक साधन र पूर्वाधारहरुको प्रर्याप्तता साथै सुरक्षा संयन्त्रहरुको समुचित व्यवस्थापन अपरिहार्य छ। संविधानले निर्दिष्ट गरे अनुसार संघमा महान्यायाधिवक्ता निजको मातहतमा प्रदेशमा १ जना मुख्य न्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएको छ। स्थापना कालमा नियुक्ति पाएकै दिनमा वहाल भए पछि कहाँ के कसरी बस्ने भन्ने समेत टुंगो नभई दयनीय अवस्थामा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भित्र एउटा कोठामा एक कुर्ची र टेबलमा बस्नु परेको थियो। एकदमै कठिनाइका साथ २०७५ फागुन सम्म मुख्यमन्त्रीको कार्यालयमा मुख्य न्यायाधिवक्ता सहित अधिकृत कर्मचारी र अन्य कर्मचारी ३ वटा कोठामा सिमित रुपमा कार्यालय सञ्चालन गर्दै आएको अवस्था थियो। यसरी संवैधानिक रुपमा व्यवस्थापन गरिएको मुख्य न्यायाधिवक्ताको कार्यालय आफ्नो क्षेत्रको मन्त्रालय स्तरको कार्यालय हो भने यसको आफ्नो पहिचान सहितको छुटै सरकारी भवनको व्यवस्थापन गर्नु प्रदेश सरकारको जिम्मेवारी भित्र पर्ने भएता पनि हाल मुख्य न्यायाधिवक्ताको कार्यालयबाट

सम्पादन गरिने काम कारवाहीहरु व्यक्तिको घर, भाडामा लिई विरेन्द्रनगर नगरपालिका ७ स्थित इत्रामबाट आफ्नो कार्य संचालन गर्दै आएको छ। कार्यालयको आफ्नो नाममा जग्गा प्राप्त हुन सकेको छैन भने मुख्य न्यायाधिवक्ताको सामान्य आवास सुविधा भए पनि कार्यालय प्रमुख लगायत अधिकृत कर्मचारी तथा अन्य सरकारी वकील अधिकृतहरुको लागि एवं अतिथि समेतको लागि आवासको व्यवस्था हुन नसकेको कारण कार्यालयको दैनिक कार्य सम्पादनमा कठिनाई महसुस पनि त्यतिकै भएको छ।तसर्थ मुख्य न्यायाधिवक्ताको कार्यालयको लागि सरकारले तत्काल आवश्यकता अनुसारको सरकारी भवन उपलब्ध गराउनु पर्ने देखिन्छ वा सरकारी जग्गा उपलब्ध गराइ सरकारी भवनको निर्माणको कार्य प्रारम्भ गर्ने गराउनु पर्ने देखिन्छ।

## १.७ संगठन तथा व्यवस्थापनको वर्तमान र भावी कार्य दिशा

श्री महान्यायधिवक्ताको कार्यालयको च.नं.७७० मिति २०७६/८/२६ र च.नं. १०९२ मिति २०७६/११/५को पत्रबाट सबै प्रदेशका मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहेका दरवन्दी र कार्यवोझका विश्लेषण सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको मापदण्ड र ढाँचामा आधार औचित्य, वित्तीय विश्लेषण र प्रस्ताविक दरवन्दीको कार्य विवरण समावेश गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी पुनरावलोकनका लागि प्रस्ताव गर्नु पर्ने हुँदा २०७६ फाल्गुन मसान्त भित्र रितपुर्वकको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) तयार गरी पठाइ दिन सबै प्रदेशमा अनुरोध गरी पठाएको पत्रको सन्दर्भमा आयोजक मुख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश नं २ जनकपुरधाम धनुषामा मुख्य न्यायाधिवक्ताको अनुभव आदान-प्रदान सम्बन्धी भेला तथा संगठन व्यवस्थापन सम्वन्धी छलफल विषयक कार्यक्रमबाट तपशिल बमोजिमको निर्णय भएकोले बुँदागत रुपमा प्रस्तुत गरिएको छ।

१. प्रत्येक प्रदेशका मन्त्रालयहरुमा सह-सचिवको नेतृत्व रहेको र मुख्य न्यायाधिवक्ताको कार्यालय पनि मन्त्रालय स्तरको कार्यालय भएकोमा र सो अनुसारको जनशक्ति व्यवस्थापन नभएकोमा यस मन्त्रालयहरुबाट समेत उपेक्षा समेत हुने गरेको परिपेक्षमा एकरुपता कायम गर्न मुख्य न्यायाधिवक्ताको कार्यालयहरुमा सह-सचिवहरुको नेतृत्वमा आवश्यकता अनुसारको दरवन्दी सिर्जनाका लागि सवै मुख्य न्यायाधिवक्ताहरुले आ-आफ्नो प्रदेश प्रमुख मार्फत राष्ट्रपतिको कार्यालय मुख्यमन्त्रिको कार्यालय मार्फत

प्रधानमन्त्रिको कार्यालय र मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत महान्यायाधिवक्ता को कार्यालयमा दरवन्दी पुनरावलोनका लागि पहल गर्ने।

२. प्रत्येक प्रदेश सरकार र प्रदेश सरकारका निकायहरुका विरुद्ध सर्वोच्च अदालत उच्च अदालत र जिल्ला अदालतमा मुद्दाहरु परिरहेको परिपेक्षमा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई प्रतिधित्व गर्न असहजता भैरहेकाले उच्च अदालतको इजलास भएको स्थानमा मुख्य न्यायाधिवक्ताको सम्पर्क कार्यालय वा मुकायम स्थापना गर्न र जिल्लाको हकमा आवश्कता अनुसारको जनशक्ति व्यवस्थापन गर्न  पहल गर्ने।

३. मुख्यन्यायधिवक्ताको कार्यालयहरुमा कार्यरत सरकारी वकीलहरुलाई कार्यसम्पादनसंग सम्बन्धित विषयमा संयुक्त तालिम एंव गोष्ठि  संचालन गर्ने ।

४. हिरासत कक्ष तथा वालसुधार गृहहरुको अनुगमन तथा निरीक्षणलाई प्रभावकारी वनाउने।

५. महान्यायाधिवक्ता र मुख्य न्यायिधवक्ताहरुको विचको सम्बन्धलाई प्रगाढ वनाउने।

६. प्यारोल अधिकृत र प्रोवेसन वोर्डको गठन र कार्यान्वयलाई छिटो गर्न पहल गर्ने।

७. कानुन निर्माण गर्दा कानूनमा दिविधापूर्ण भाषा प्रयोग नगर्न सूझाव सम्वन्धित निकायमा दिने।

८. २०७६/११/२४ र२५ गते वारा जिल्लाको निजगढमा संचालित दुई दिवसीय मुख्य न्यायाधिवक्ता ज्यूहरु समेतको छलफल तथा भेलाबाट सवै प्रदेशमा कार्यवोझका आधारमा एकरुपता कायम गर्ने सम्बन्धमा भएको विस्तृत छलफलबाट पारित भएबमोजिम संगठन तथा व्यवस्थापन सम्बन्धमा दरवन्दी पुनरावलोकनको लागि दरवन्दी चार्ट एंव तेरिज तयार गरी यस कार्यालयको च.नं.१४६ मिति २०७६/११/२७ को पत्र साथ श्री महान्यायाधिक्ताको कार्यालयमा पठाएको संगठनात्मक ढाँचा यस प्रकार छ ।

# प्रस्तावित दरवन्दी चार्ट



## मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेश, सुर्खेतको प्रस्तावित दरबन्दी तेरिज

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह/उपसमुह | जम्मा दरबन्दी |
|---|---|---|---|---|---|
| १ | सह-न्यायाधिवक्ता | रा.प.प्रथम | न्याय | सरकारी वकील | १ |
| २ | उप-न्यायाधिवक्ता | रा.प.द्धितीय | न्याय | सरकारी वकील | १ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकील | ३ |
| ४ | ले.अ./अधिकृत छैटौ | अधिकृत/छैटौ | लेखा/प्रशासन | प्रशासन | १ |
| ५ | शा.अ./अधिकृत छैटौ | अधिकृत/छैटौ | प्रशासन | प्रशासन | १ |
| ६ | नायव सुब्बा | रा.प.अन.प्रथम | न्याय | सरकारी वकील | ३ |
| ७ | कम्प्युटर अपरेटर | पाँचौ | विविध | - | १ |
| ८ | ह.स.चा. | श्रेणी विहिन | - | - | २ |
| ९ | का.स. | श्रेणी विहिन | - | - | ३ |
| **जम्मा** | | | | | **१७** |

| मुकाम कार्यालय जुम्ला | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **पद** | **श्रेणी/तह** | **सेवा** | **समुह/उपसमुह** | **जम्मा दरबन्दी** |
| १ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकील | १ |
| २ | नायव सुब्बा | रा.प.अन.प्रथम | न्याय | सरकारी वकील | १ |
| ३ | का.स. | श्रेणी विहिन | - | - | १ |
| **जम्मा** | | | | | **३** |

दोस्रो खण्ड

# मुद्दा तथा रिट निवेदनहरुको अवधारणा, विकास, लिखित जवाफ, वर्गीकरण र क्षेत्राधिकार

## २.१ रिट निवेदनको अवधारणा, विकास र लिखित जवाफ

प्रारम्भमा राजाद्धारा गरिने आदेश, अन्य कानूनको अभावमा सबै काम कारवाही राजा कै आदेशबाट  हुने र यसलाई विशेषाधिकार सम्पन्न उपचारका रुपमा लिइएको पाइन्छ। यो कानूनी उपचार होइन संवैधानिक तथा सार्वजनिक कानूनको उपचार हो। राजकीय अदालतमा मुद्दाको सुनुवाइको लागि पेश गर्न दिइने आदेशको रुपमा रिटलाई लिइएको देखिन्छ। रिटको उत्पति common law अन्तर्गत १३ औ शताब्दी देखि बेलायतबाट शुरुवात भएको हो। शुरुका दिनहरुमा रिट अपवादका रुपमा रहेको भएता पनि बेलायती कानूनी प्रणाली अनुसार राजा हेनरी द्धितीयको पाला देखि अधिकार प्रचलनको लागि यो अभिन्न अंगको रुपमा रही आएको छ। १७ औं शताब्दि अघि रिटका प्रकारमा एकरुपता थिएन । त्यसपछि प्रचलनमा आएका रिटहरुमा बन्दी प्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, उत्प्रेषण र अधिकारपृक्षा हुन। नेपालमा पनि पटक पटकमा भएका राजनैतिक परिवर्तन पछि बनेका संविधानबाट मौलिक हकको रुपमा रिट मार्फत अधिकार स्थापित गर्ने प्रचलन रहेको छ।

विश्वव्यापीकरण, विज्ञान र प्रवधिको विकास सँगै अपराधको प्रकृति, प्रवृत्ति र कार्यशैलीमा आएको परिवर्तनले फौजदारी न्याय प्रशासन जटिल बन्दै गएको छ। संघमा संविधान तथा कानूनले महान्यायाधिवक्ता र मातहतका सरकारी वकीललाई फौजदारी न्याय प्रशासनको महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। नेपाल सरकारको हक, हित वा सरोकार रहेका मुद्दा वा रिट निवेदनमा प्रभावकारी रुपमा बहस पैरवी  तथा कानूनी राय प्रदान गर्ने  जिम्मेवारी रहेको छ। त्यसै गरि प्रदेशमा मुख्य न्यायाधिवक्ता र मातहतमा कार्यरत सरकारी वकीलबाट प्रदेश सरकार पक्ष विपक्षी भएको, प्रदेश सरकारको हक हित वा सरोकार रहेका मुद्दा वा रिट निवेदनमा प्रभावकारी रुपमा बहस पैरवी, प्रतिरक्षा गर्ने, प्रदेश सरकार तथा सरकारी निकायलाई कानूनी राय प्रदान गर्ने व्यवस्था रहेको छ।

कानूनी प्रक्रिया पुरा नगरी वा पालना गर्नुपर्ने बाध्यात्मक कार्यविधिको अवलम्बन नगरी गरिने सरकारी निर्णयको प्रतिरक्षा गर्न सहज छैन। पटक पटक गरिएका छलफलमा

सरकारी निकायहरुबाट सुधारको प्रतिबद्धता प्रकट गरेतापनि निर्णय प्रक्रियामा अझै अपेक्षित सुधार हुन सकेको देखिदैन । सरकारी निकायले मुद्दा सँग सम्बन्धित विवरण, सूचना, कागजात समयमा उपलब्ध गराउँदा रिट प्रतिरक्षा प्रभावकारी हुने देखिन्छ।सरकारी निकाय वा सरकारी कार्यालयका तर्फबाट लिखित जवाफ प्रस्तुत गर्दा अदालतबाट आदेश भए बमोजिम सम्बन्धित मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत तोकिएको म्याद भित्र सम्बन्धित अदालतमा दर्ता हुने समयलाई समेत ध्यान दिन जरुरी हुन्छ। म्याद नाघेको भए थाम्न पाउने म्याद भित्र थामी पाउने निवेदन सहित प्रस्तुत गर्नुपर्छ। एक भन्दा बढी सरकारी कार्यालयहरुलाई विपक्षी बनाएकोमा सबै कार्यालयहरुको लिखित जवाफ एकै मिलानको हुनु पर्दछ । रिट जारी हुनु नपर्ने आधार र सम्बद्ध कानुन स्पष्टसँग उल्लेख गरेमा रिट प्रतिरक्षाको प्रभावकारिता हुन्छ ।

रिट निवेदनको प्रारम्भिक सुनुवाई र कारण देखाउ आदेश पश्चात रिट निवेदनमा लिएको जिकीर बमोजिम आफु वा आफु कार्यरत निकायवाट कुनै काम कारवाही भएको छ छैन, भएको काम कारवाहीमा कानूनको उचित प्रकृया पुरा गरेर भए नभएको सम्बन्धमा यथार्थ विवरण खुलाई गरिने प्रतिवाद वा प्रतिउत्तर लिखित जवाफ हो। लिखित जवाफ रिट निवेदनको अभिन्न अङ्ग हो र अदालतको आदेशको पालना गर्नु सरकारी अधिकारीको कानूनी कर्तव्य हो । आफुले गरेको कार्यको बैधानिकता परिक्षण गराउनका लागि लिखित जवाफ पेश गरिन्छ जुन लिखित जवाफ दिन पाउनु एउटा महत्वपूर्ण अवसर पनि हो ।

निवेदनमा जिकिर लिए जस्तै सार्वजनिक अधिकारीवाट सम्पादित काम कारवाही कानूनी त्रुटीपूर्ण वा क्षेत्राधिकार विहिन नभएका पनि हुनसक्ने भएकाले तथ्यको भ्रमका कारण बैधानिक काम पनि बदर हुन सक्ने खतरावाट बचाउन र कानूनको शासनलाई साकार पार्न अदालत समक्ष समय मै लिखित जवाफ पेश गर्नु अनिवार्य हुन्छ ।

## २.२ सर्वोच्च अदालतको अधिकार क्षेत्र र रिट दायरी

नेपालको संविधान द्वारा प्रदत्त मौलिक हक उपर अनुचित वन्देज लगाएको वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसंग बाझिएको अवस्थामा त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कुनै कानूनसंग बाझिएको वा नगरसभा वा गाउसभाले बनाएको कुनै कानूनसंग बाझिएको भए त्यस्तो कानून वा त्यसको कुनै भाग बदर घोषित गरीपाउँ भनि कुनै पनि नेपाली नागरिकले सर्वोच्च

अदालतमा निवेदन दिन सक्ने छ। सो निवेदन अनुसार कुनै कानून बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निणर्य भएको मितिदेखि अमान्य र बदर गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने भन्ने व्यवस्था संविधानको धारा १३३ को उपधारा (१)मा व्यवस्था गरिएको छ।

यसै गरी संविधानको धारा १३३ को उपधारा (२) मा यस संविधानद्वारा प्रदत्त मौलिक हकहरुको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहिन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागी  वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लगि आवश्यक र उपयुक्त आदेश जारी गर्ने उचित उपचार प्रदान गर्ने त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने भन्ने व्यवस्था। संविधानको धारा १३३ को उपधारा (२) वमोजिम असाधारण अधिकार क्षेत्र अन्तरगर्त सर्वोच्च अदालतले बन्दि प्रत्यक्षीकरण, परमादेश/उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत उपयुक्त आदेश जारी गर्न सक्नेछ भन्ने समेत व्यवस्था गरिएको छ ।

संविधानको धारा १३३को उपधारा (१) र(२)मा व्यवस्था भए बमोजिम परेका रिट निवेदनहरुको अतिरिक्त देहाय बमोजिमको मुद्दाको शुरु कारवाही र किनारा गर्ने छ ।

(क) “संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तथा स्थानीय तहहरु बिचको अधिकार क्षेत्रको वारेमा विवाद सम्वन्धि मुद्दा” हेर्ने व्वस्था गरिएको छ ।

संविधानको धारा १३७ को उपधारा (३) मा धारा १३३ मा जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतमा विचाराधिन कुनै मुद्दामा गम्भिर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखिएमा त्यस्तो मुद्दा धारा १३७ को उपधारा (१) बमोजिमको इजलासबाट हेर्ने गरी प्रधान न्यायधिशले तोक्न सक्ने छ भन्ने समेत व्यवस्था गरिएको छ ।

## २.३ उच्च अदालतको अधिकार क्षेत्र र रिट निवेदन दायरी

संविधानको धारा १४४ को उपधारा (१) मा यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि सो उपचार अप्रयाप्त देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक

वा सरोकारको कुनै विवाद समावेश भएको कुनै कानूनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ भन्ने व्यवस्था गरिएको छ। धारा १४१ को उपधारा (२)मा उपधारा (१)को प्रयोजनको लागि उच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश/उत्पेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश गर्नेछ भन्ने समेतको व्यवस्था गरिएको छ।

## २.४ रिट निवेदनहरुको तालिका सहितको संक्षिप्त विवरण

आ.व २०७७/७८ मा सर्वोच्च अदालत, प्रशासकीय अदालत काठमाडौं, उच्च अदालत सुर्खेत, उच्च अदालत सुर्खेत, जुम्ला इजलासमा दर्ता भएका रिट/निवेदनको विवरण

| दर्ता नं | निवेदक | विपक्षी | मुद्दाको किसिम | मुद्दा नं | अदालत | फैसला मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | विष्णु प्र.तिमिल्सेना | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७५–wo–१३७२ | उच्च अ.सुर्खेत | | |
| २ | अ.शैलेन्द्र प्रसाद हरिजन | आन्तरिकमामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७५–wo–१२६९ | उच्च अ.सुर्खेत | | |
| ३ | पुष्पराज प्याकुरेल | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७५–wo–१३४९ | उच्च अ.सुर्खेत | | |
| ४ | अष्ठ ब.श्रेष्ठ समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण | ०७६–wo–००४५ | उच्च अ.सुर्खेत | | |
| ५ | प्रेम प्रकाश वली | चौरजहारी नगरपालिकाको कार्यालय रुकुमपश्चिम समेत | उत्प्रेषण | ०७५–wo–००२० | उच्च अ.सुर्खेत | | |
| ६ | अम्मर बहादुर कार्की | चौरजहारी नगरपालिकाको कार्यालय रुकुमपश्चिम समेत | उत्प्रेषण | ०७५–wo–११६४ | उच्च अ.सुर्खेत | | |
| ७ | चन्द्रा सावद समेत | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण | | उच्च अ.सुर्खेत | | |
| ८ | भक्त बहादुर सिंह | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७५–wo–००२५ | उच्च अ.सुर्खेत | २०७७/६/४ | रिट खारेज |
| ९ | लोक ब.थापा क्षेत्री | यातायात व्यवस्थापन कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण | ०७६–wo–००९६ | सर्वोच्च अ.का. | | |

| दर्ता नं | निवेदक | विपक्षी | मुद्दाको किसिम | मुद्दा नं | अदालत | फैसला मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १० | विजय कु.भट्टराइ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण | ०७६–wo–०१७१ | सर्वोच्च अ.का. | | |
| ११ | दिपक पौडेल समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण | ०७६–wo–०२६० | सर्वोच्च अ.का. | | |
| १२ | विमला खड्का विष्ट | मुसिकोट नगरपालिका रुकुमपश्चिम समेत | उत्प्रेषण | ०७६–wo–०३६८ | उच्च अ.सुर्खेत | | |
| १३ | भक्तिराम वस्नेत | पुर्वाधार विकास निर्देशनालय कर्णाली प्रदेश सुर्खेत | निषेधाज्ञा/ परमादेश | ०७६–wo–००३४ | उच्च अ.सुर्खेत | | |
| १४ | तारा कु शाह | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७६–wo–००३९ | उच्च अ.सुर्खेत | २०७७/९/८ | फैसला |
| १५ | भक्तिराम न्यौपाने | आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७६–wo–००४१ | उच्च अ.सुर्खेत | | |
| १६ | कृष्ण बहादुर स्वाँर | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७६ Wo-००४२ | उच्च अ.सुर्खेत | | |
| १७ | शुशिला थापा समेत | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७६ Wo-००२८ | उच्च अ.सुर्खेत | | |
| १८ | दुर्गा वराल मगर | भौतिक विकास मन्त्रलय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-०००६ | उच्च अ.सुर्खेत | २०७७/६/७ | रिट खारेज |
| १९ | नारायण शर्मा | आन्तरिकमामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७६ Wo-००४६ | उच्च अ.सुर्खेत | | |
| २० | इन्द्र बहादुर थापा | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७६ Wo-००४५ | उच्च अ.सुर्खेत | | |
| २१ | नारायण शर्मा, चन्द्र कुमारी धमला | आर्थिकमामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | ०७६ Wo-००४६ | उच्च अ.सुर्खेत | | |
| २२ | इन्द्र बहादुर थापा | वन तथा वातावरण निर्देशनालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | | उच्च अ.सुर्खेत | | निर्देशनात्म आदेश |

| दर्ता नं | निवेदक | विपक्षी | मुद्दाको किसिम | मुद्दा नं | अदालत | फैसला मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २३ | वालकृष्ण सुनार | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-०००१ | उच्च अ.सुर्खेत | २०७७/८/२४ | रिट खारेज |
| २४ | नारायण शर्मा | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७६ Wo-००४६ | उच्च अ.सुर्खेत | | |
| २५ | तारा कुमारी शाह | आन्तरिकमामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७६ Wo-००३९ | उच्च अ.जुम्ला इजलास | २०७८/१/२१ | रिट खारेज |
| २६ | मानदत्त रावल | शिक्षा विकास निर्देशनालय शामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७६ Wo-००११ | उच्च अ.जुम्ला इजलास | २०७८/१/२१ | रिट खारेज |
| २७ | तारा कुमारी शाही र उपेन्द्र शाही समेत | आन्तरिकमामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७६ Wo-००४० | उच्च अ.जुम्ला इजलास | २०७८/१/२१ | रिट खारेज |
| २८ | वैजु प्रसाद शाह | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७६ Wo-०७२९ | सर्वोच्च अ.का | | |
| २९ | गजेन्द्र ठाकुर समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | | सर्वोच्च अ.का | | |
| ३० | प्रकाशमणी शर्मा | प्रदेश प्रमुख कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | | सर्वोच्च अ.का | | |
| ३१ | तारा कु शाह | आन्तरिकमामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | | उच्च अ.जुम्ला | २०७८/१/२१ | खारेज |
| ३१ | पदम बहादुर शाही | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | | उच्च अ.जुम्ला | २०७८/१/२१ | जारी |
| ३२ | गोविन्द प्रसाद दहाल | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-०००८ | उच्च अ.सुर्खेत | | |
| ३३ | रिन्जेङ गुरुङ्ग | डिभिजन वन कार्यालय डोल्पा समेत | उत्प्रेषण/ परमादेश | ०७६ Wo-०७८४ | सर्वोच्च अ.का | | |

| दर्ता नं | निवेदक | विपक्षी | मुद्दाको किसिम | मुद्दा नं | अदालत | फैसला मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३४ | विजय कुमार यादव | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-०१८० | सर्वोच्च अ.का | | |
| ३५ | उपेन्द्र व शाही | आन्तरिकमामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | | उच्च अ.सुर्खेत | | |
| ३६ | खड्क ब.शाही | स्वास्थ्य सेवा निर्देशनालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | ०७३ Wo-०३१९ | सर्वोच्च अ.का | | |
| ३७ | टिकादेवी खत्री | भौतिकपुर्वाधार विकास मन्त्रलय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७७-Wo-००१/७८ | उच्च अ.सुर्खेत | | |
| ३८ | शेर बहादुर खत्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-००१९ | उच्च अ.सुर्खेत | | |
| ३९ | शेर बहादुर खत्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-००१६ | उच्च अ.सुर्खेत | २०७७/९/२६ | रिट खारेज |
| ४० | तुल्सी प्रसाद तिवारी | भौतिकपुर्वाधार विकास मन्त्रलय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण | ०७७ Wo-००१७ | उच्च अ.सुर्खेत | २०७७/१२/२५ | रिट खारेज |
| ४१ | ऋषि गिरी | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण | ०७७ Wo-००२४ | उच्च अ.सुर्खेत | | |
| ४२ | राजिव कुमार झा | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण | ०७६ Wo-०४२२ | सर्वोच्च अ.का | | |
| ४३ | मोहनमाया पन्त भण्डारी | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण | ०७६ Wo-००४२ | उच्च अ.सुर्खेत | | |
| ४४ | धनवीर पुलामी समेत | पुर्वाधार विकास निर्देशनालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण | ०७७ Wo-००२६ | उच्च अ.सुर्खेत | | |
| ४५ | निर्मला शाही | भौतिकपुर्वाधार विकास मन्त्रलय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-००३२ | उच्च अ.सुर्खेत | | |
| ४६ | प्राचिन गुरुङ्ग | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण | ०७७ Wo-६१० | सर्वोच्च अ.का | | |

| दर्ता नं | निवेदक | विपक्षी | मुद्दाको किसिम | मुद्दा नं | अदालत | फैसला मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४७ | पदमलाल ढकाल | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | पुनरावेदन | पु.वे.नं १७ | प्रशासकीय अदालत | | |
| ४८ | लंक बहादुर शाही | भौतिकपुर्वाधार विकास मन्त्रलय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-०३६ | उच्च अ. सुर्खेत | | |
| ४९ | दिपेन्द्र कडेल समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-००३८ | उच्च अ. सुर्खेत | | |
| ५० | हिम बहादुर थापा | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | परमादेश | | उच्च अ. सुर्खेत | २०७८/१/२१ | खारेज |
| ५१ | राज बहादुर रावल | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | परमादेश | | उच्च अ. सुर्खेत | २०७८/१/२१ | खारेज |
| ५२ | किरण बहादुर शाही | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | परमादेश | | उच्च अ. सुर्खेत | २०७८/१/२१ | खारेज |
| ५३ | अर्जुन कु.चौलागाइ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | परमादेश | | उच्च अ. सुर्खेत | २०७८/१/२१ | खारेज |
| ५४ | अ.शेर ब.खत्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | परमादेश | ०७७ Wo-००४१ | उच्च अ. सुर्खेत | | |
| ५५ | प्रेमकला थापा भन्ने रेनु सेन समेत | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण | ०७७ Wo-०८३४ | सर्वोच्च अदालत काठमाडौं | | |
| ५६ | भरत प्रसाद आर्चाय | पुर्वाधार विकास कार्यालय समेत | उत्प्रेषण | ०७६ Wo-००३८ | सर्वोच्च अदालत काठमाडौं | | |
| ५७ | संगिता भट्टराई | पुर्वाधार विकास कार्यालय समेत | उत्प्रेषण | ०७७ Wo-०००९ | सर्वोच्च अदालत काठमाडौं | | |

| दर्ता नं | निवेदक | विपक्षी | मुद्दाको किसिम | मुद्दा नं | अदालत | फैसला मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५७ | नन्दसिं वुढा समेत | प्रदेशसभा सचिवायल कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण | ०७७ Wo-११७४ | सर्वोच्च अदालत काठमाडौं | | |
| ५८ | अ.विक्रम नगरकोटी | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण | ०७७ Wo-०१०५ | सर्वोच्च अदालत काठमाडौं | | |
| ५९ | रामलाल जैसी | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-००४० | उच्च अदालत सर्खेत | | |
| ६० | केशव ब.दाहाल | जिल्ला समन्वय समितिको कार्यालय मुगु समेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-११७७ | सर्वोच्च अदालत काठमाडौं | | |
| ६१ | युद्दविक्रम शाहीको वारेश नारध खवस | पुर्वाधार विकास कार्यालय कालिकोट | उत्प्रेषण/ परमादेश | ०७७ Wo-११५९ | सर्वोच्च अदालत काठमाडौं | | |
| ६२ | अ.शेर बहादुर खत्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-००४६ | उच्च अदालत सर्खेत | | |
| ६३ | आज्ञा भट्ट | भौतिक पुर्वाधार तथा सहरी विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | परमादेश | ०७७ Wo-००४८ | उच्च अदालत सर्खेत | | |
| ६४ | प्रेम बहादुर सिंह | स्वास्थ्य सेवा निर्देशनालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-००४९ | उच्च अदालत सर्खेत | | |
| ६५ | प्रेम बहादुर सिंह | स्वास्थ्य सेवा निर्देशनालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/ परमादेश | ०७७ Wo-००४७ | उच्च अदालत सर्खेत | | |

## तेस्रो खण्ड

# बजेट, खर्च र भौतिक अवस्था सम्बन्धी

## आ.व ०७७/७८ मा विनियोजिन वार्षिक बजेटको विवरण

### ३.१ वार्षिक बजेट

| सि. नं. | ब.उ.शि.नं. | मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेश सुर्खेत | विनियोजित वार्षिक बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २१६०००११३ | प्रशासनिक/कार्यक्रम खर्च | ११०६००००.०० | ९२१३६१५.०० | ८३.३१ |
| २ | २१६०००११४ | पुंजिगत खर्च | १०९५०००.०० | १०८९९३७.०० | ९९.५४ |
| | | जम्मा | १२१५५०००.०० | १०३०३५५२.०० | ८४.७७ |

### ३.२ भौतिक तथा सवारी साधनहरुको अवस्था

मुख्य न्यायाधिवक्ताको कार्यालय सुर्खेतको भौतिक स्थिति

| कार्यालय भवन | कम्प्युटर संख्या | ल्यापटप संख्या | प्रिन्टर संख्या | 4 in 1 प्रिन्टर संख्या | टेलिभिजन संख्या | इन्भर्टर संख्या | टेलिफोन संख्या | जीप | मोटर साइकल | स्कुटर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आफ्नो कार्यालयको भवन नभएर भाडामा बसेको | ५ थान | ६ थान | ४ थान | १ थान (scanner, printer, photocopy, fax) | १ थान | — | ५ | १ थान | २ थान | १ थान |

## ३.४ सवारी साधनको विवरण

| क्र. सं. | सवारी साधनको प्रकार | जि.खा. पा.नं | सवारी नं. | सवारी साधन | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | निर्माता देश | निर्माता कम्पनी | मोडेल नं. | इन्जिन नं. | चेसिस नं. | निर्माण वर्ष |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १ | हार्ड टप जीप-१ | २७ | कर्णाली प्रदेश ०२- ००१ झ ०००३ | भारत | महेन्द्रा | स्करपियो S5 mHawk 120 4WD 9S | SJJ4M14854 | MA1TA4SJXJ2M19142 | २०१८ |
| २ | स्कुटर-१ | १४ | भे १ ब १२९७ | भारत | होण्डा M011 | Dio orange | JF39E74013737 | ME4JF39HGJ7009155 | २०१८ |
| ३ | मोटरसाइकल-१ | १४ | भे १ ब १२९८ | भारत | होण्डा M011 | HORNET CB red | KC23E84066068 | ME4kc23BHH8000934 | २०१७ |
| ४ | मोटरसाइकल-१ | ९० | कर्णाली प्रदेश ०२- ००१ ब ०१३८ | भारत | होण्डा M011 | shine SP grey | JC73ED0026378 | ME4JC738HKD002512 | २०१९ |

## ३.५ जिन्सी मौज्दातको विवरण

| क्र. सं. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत नं. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण |
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | १ | ४०८ | डेल ल्यापटप | वटा | ६ |
| २ | २ | ४०८ | क्यानन प्रिन्टर | वटा | १ |
| ३ | २ | ४०८ | क्यानन प्रिन्टर | वटा | ४ |
| ४ | ३ | ४०८ | सोफा सेट | सेट | ९ |
| ५ | ४ | ४०८ | टेवल डबल घर्रा ३×५ | वटा | २ |
| ६ | ४ | ४०८ | टेवल एल आकार | वटा | २ |
| ७ | ४ | ४०८ | टेबल डबल घर्रा३×५ | वटा | ४ |
| ८ | ५ | ४०८ | टेबुल सादा | वटा | २ |
| ९ | ५ | ४०८ | कम्प्यूटर टेबल | वटा | २ |
| १० | ६ | ४०८ | रिभल्विङ चेयर | वटा | ८ |
| ११ | ६ | ४०८ | अफिस चेयर | वटा | १ |
| १२ | ७ | ४०८ | भिजिटिङ चेयर | वटा | १२ |
| १३ | ७ | ४०८ | भिजिटिङ चेयर | वटा | १२ |
| १४ | ८ | ४०८ | वेड पलङ | वटा | २ |
| १५ | ९ | ४०८ | मेट्रेस | वटा | ५ |
| १६ | १० | ४०८ | स्टिल दराज | वटा | ८ |
| १७ | ११ | ४०८ | टेलिभिजन | वटा | १ |
| १८ | १२ | ४०८ | स्टेन्ड फेन उषा | वटा | २ |
| १९ | १२ | ४०८ | स्टेन्ड फेन मिनि | वटा | ५ |
| २० | १३ | ४०८ | मोटरसाइकल होन्डा | वटा | १ |
| २१ | १३ | ४०८ | मोटरसाइकल हर्नेट | वटा | १ |
| २२ | १४ | ४०८ | स्कुटर डिओ | वटा | १ |
| २३ | १५ | ४०८ | साइकल एटलस | वटा | १ |
| २४ | १५ | ४०८ | साइकल लेडिज | वटा | १ |
| २५ | १६ | ४०८ | साइन बोर्ड | वटा | २ |
| २६ | १७ | ४०८ | ग्यास सिलिन्डर | वटा | ४ |

| क्र. सं. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत नं. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण |
| २७ | १८ | ४०८ | ग्यास चुल्हो | वटा | २ |
| २८ | १९ | ४०८ | हार्ड डिस्क | वटा | १ |
| २९ | २० | ४०८ | प्रोजेक्टर क्यानन | वटा | १ |
| ३० | २१ | ४०८ | डेस्कटप कम्प्यूटर डेल | वटा | ६ |
| ३१ | २२ | ४०८ | क्यामरा क्यानन समेत | वटा | २ |
| ३२ | २३ | ४०८ | बुक केश एभरेष्ट | वटा | ५ |
| ३३ | २४ | ४०८ | लो बेड | वटा | २ |
| ३४ | २५ | ४०८ | काठको रयाक | वटा | १ |
| ३५ | २६ | ४०८ | हेलोजिन हिटर | वटा | ८ |
| ३६ | २७ | ४०८ | महेन्द्र स्कारपियो गाडी | वटा | १ |
| ३७ | २८ | ४०८ | भ्याकुम क्लिनर | वटा | १ |
| ३८ | २९ | ४०८ | फ्रिज | वटा | १ |
| ३९ | ३० | ४०८ | डाइनिङ टेबुल कुर्ची समेत | सेट | २ |
| ४० | ३१ | ४०८ | टि टेबुल काठको | वटा | ५ |
| ४१ | ५६ | ४०८ | white board | वटा | ४ |
| ४२ | ६० | ४०८ | हेङगर स्टिल कपडा झुडाउने | थान | ११ |
| ४३ | ६६ | ४०८ | टि टेबुल सिसा वाला | थान | ६ |
| ४४ | ७९ | ४०८ | टेलिफोन सेट | सेट | ५ |
| ४५ | ८० | ४०८ | फाइबर मेनलाइन वाइफाइ | थान | २ |
| ४६ | ८३ | ४०८ | सहिद फोटो फ्रेम सहित | थान | ४ |
| ४७ | ८४ | ४०८ | राष्ट्रिय □न्डा स्टेन्ड सहित | थान | १ |
| ४८ | ८७ | ४०८ | सूचना वोर्ड | थान | १ |
| ४९ | ८९ | ४०८ | फलामको पोल | थान | १ |
| ५० | ९१ | ४०८ | ups | थान | १ |
| ५१ | ९२ | ४०८ | LG HOTPOT | थान | १ |
| ५२ | ९३ | ४०८ | Tanani thurmus | थान | १ |
| ५३ | ९४ | ४०८ | DTH connection | थान | १ |
| ५४ | ९५ | ४०८ | कुलर | थान | ३ |
| ५५ | ९६ | ४०८ | काठको दराज | थान | १ |

चौथो खण्ड

# मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कार्यक्रमहरुको झलक

## ४.१ सरकारी वकिल र प्रहरी संग समसामयिक तथा प्रचलित कानुन कार्यान्वयन चुनौती र समस्या समाधानका विषयमा प्रदेश स्तरमा प्रशिक्षण तथा अन्तरक्रियात्मक गोष्ठी २०७७

मुख्य न्यायाधिवक्ताको कार्यालय सुर्खेतका कार्यालय प्रमुख तथा कार्यक्रमको अध्यक्ष उप-सचिव श्री द्रोणदत्त पौडेल ज्यूको अध्यक्षतामा प्रमुख अतिथि उच्च अदालत सुर्खेतका माननीय मुख्य न्यायाधिश श्री नहकुल सुवेदी ज्यु, विशेष अतिथि कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव महानिरीक्षक श्री बसन्त कुमार पन्त ज्यु, अतिथिहरु उच्च सरकारी वकिल कार्यालय सुर्खेतका सह-न्यायाधिवक्ता श्री कृष्ण प्रसाद पुडासैनी ज्यु, उच्च सरकारी वकिल कार्यालय जुम्लाका सह-न्यायाधिवक्ता श्री शम्भु प्रसाद गौतम ज्यु, जिल्ला सरकारी वकिल कार्यालय सुर्खेतका जिल्ला न्यायाधिवक्ता श्री राजेश्वर अर्याल ज्यु, उच्च अदालत बार एशोसियसन कर्णाली प्रदेश सुर्खेतका अध्यक्ष श्री उत्तम प्रसाद अर्याल ज्यु, जिल्ला बार एशोसियसन कर्णाली प्रदेश सुर्खेतका अध्यक्ष श्री नन्द बहादुर भण्डारी ज्यु, स्काई न्युज च्यानल सम्पादक श्री आकाश तारा वयक ज्युको उपस्थितिमा कार्यक्रम शुभारम्भ भएको थियो।

प्रमुख अतिथि उच्च अदालत सुर्खेतका माननीय मुख्य न्यायाधिश श्री नहकुल सुवेदी ज्युले सरकारी वकिल र प्रहरी अनुसन्धान अधिकृतको समन्वयात्मक भुमिकाले अपराध र अनुसन्धानलाई सहजीकरण गर्न सहयोग पुर्याउछ । कर्णाली प्रदेशका सुचकहरुलाई हेर्दा हामी त्यति सन्तोषजनक छैनौ अपराध अनुसन्धान र न्याय सम्पादन समयानुकुल दुरुस्त हुनुपर्छ तसर्थ आम नागरिकको न्यायमा पँहुच ठुलो कुरा हो । संविधान र कानुनले आ-आफ्नो पद अनुसारको आचारण गर्नु पर्ने कार्यभार राज्यले दिएको छ । त्यसैले अपराध कसुरमा सबै पक्षले समन्वयात्मक ढंगले कार्य गरेमा सबै जनताको न्यायमा पँहुच हुनेछ । दुर्गम जिल्लामा कार्यरत कर्मचारी झन चनाखो भएर कार्य गर्ने कुरा झन चुनौतीको विषय रहेको छ । निर्दोष मान्छे १ घन्टा पनि थुनामा बस्नु हुदैन र दोषी मान्छे न्यायालयबाट बाहिर बस्नु हुदैन भन्ने मान्यता साथ अगाडी बढ्नु जरुरी भएको छ । न्यायिक मनले कानूनको सिद्धान्त अनुसार कार्य गर्नु उपयुक्त हुनेछ भनी आफ्नो शुभकामना मन्तव्य

राख्नुभएको थियो । विशेष अतिथी प्रहरी महानिरीक्षक श्री बसन्त कुमार पन्त ज्यूले राज्यले विभिन्न निकायलाई समसामयिक कानुनका विषयमा छलफल गरी महत्वपुर्ण निर्णय र व्यबहारिक रुपमा कानुनका विषयमा उत्कृष्ट बनाई लागु गर्नु पर्ने हुन्छ । अपराध र अनुसन्धानका लागि आवश्यक पर्ने कानुनका जटिल प्रक्रियामा राज्य, जनता र कर्मचारी सबैको सहयोग आवश्यक हुन्छ त्यसैले सरकारी वकिल नेपाल प्रहरी अदालत सबै संगको समन्वयमा अपराध र अनुसन्धान का कार्य सहज गराउन यो कार्यक्रमले सहयोग गर्नेछ । अपराध अनुसन्धामा घटनास्थलको वरीपरीका प्रमाणहरु सुरक्षित राख्ने, समन्वय डेस्क, कानुनको पालनामा कडाइ गर्ने, सरकारी वकिल र प्रहरी अनुसन्धान अधिकृतले समन्वयात्मक भुमिका निर्वाह गरी अनुसन्धान अभियोनलाई अगाडी बढाउनु हुनेछ भनि शुभकामना दिनु भएको थियो ।

सहन्यायाधिवक्ता श्री शम्भु प्रसाद गौतमले समसामयिक तथा प्रचलित कानुन कार्यन्वयनमा चुनौती र समस्या समाधान विषयमा प्रकाश पार्नु हुदै समस्या र समाधानका उपाय क्रमश यस प्रकार रहेको छन्।

**समस्याहरूः**

- राज्य विरुद्धको कसुर, अपहरण, शारीर बन्धक, किर्ते मुद्रा सम्बन्धी कसुर, टिकट सम्बन्धी, नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामीत्व वा नियन्त्रण रहेको कुनै संस्थाको पदाधिकारी भै कार्य गर्दा संहिता अन्तर्गतको कुनै कसुर नेपाल बाहिर रही गरेमा नेपालमै गरेको मानिने।
- नेपालमा दर्ता रहेको बायुयान, जलयानमा कुनै अपराध गरेमा जहाँसुकै गरेपनि नेपालमै गरेको मानिने
- कुनै नेपाली नागरिक वा अन्य कसैले नेपाल बाहिर कुनै नेपाली नागरिक विरुद्ध ज्यान सम्बन्धी कसुर , व्यक्ति परित्याग, अङ्गभङ्ग, अपहरण शरीरबन्धक गैरकानूनी थुना, जवरजस्ती करणी, हाडनातामा करणी, धर्म परिवर्तन, विवाह सम्बन्धी कसुरहरु जस्ता थुप्रै कसुरहरुको सूची तोकी बहीक्षेत्रीय क्षेत्राधिकार तोकेको।
- षडयन्त्र, उद्योग, दुरुत्साहन वा मतियारको कसुर जुन अपराधको गरेको हो सोही कसुरमा व्यवस्था गरिएको हदम्याद नै लागु हुने– कसूरको गम्भीरता बढाउने र

घटाउने अवस्थालाई संहितामै समावेश गरिएको हुँदा अनुसन्धानकै क्रममा त्यस्ता आधारहरु समेत खोज्दै अभियोजन गर्दा स्पष्ट खुलाउनु पर्ने ।

- जन्मकैदको सजाय हुने कसुरको अभियोजन गर्दा को एकिकृत कसुर वापत थप सजाय हुने एकिकृत कसुर हो हैन यकिन गर्ने र पुष्टी भएमा थप सजायको दावी लिनु पर्ने ।
- नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रियता, अखण्डता, अन्तर्राष्ट्रिय छवी उपर अपमान हुने, होच्याउने, घृणा र द्वेष फैलाउने, सिमा स्तम्भ हटाउने, परिवर्तन गर्ने, अतिक्रमण गर्ने,राष्ट्रिय गान झण्डा वा निशाना छापको अपमान वा क्षती गर्ने साइबर क्राइम

**समस्या समाधानः**

- राष्ट्रिय गान, झण्डा वा निशान छापको अपमान वा क्षती गर्न नहुने
- लागु औषध सेवनको लागि न्युनतम मात्रा कति एकरुपता हुन जरुरी छ ।
- बालविवाहमा वालक पीडित हुने की प्रतिवादी ? वालविवाहमा जवरजस्ती करणी पनि स्वत जोडिने, जवरजस्ती करणी भन्नासाथ बालिका पीडित बन्न जाने । विवाह स्थापित हुन दुई पक्ष चाहिने ।
- बहुविवाह विवाह गराउने कार्यलाई निषेध नगरेको कसुर गर्ने वा गराउने व्यक्तिलाई सजाय हुने व्यवस्था रहेको हुँदा गराउने कार्यलाई समेत कसुर कायम गर्नु पर्ने ।
- अपहरण तथा शरीर बन्धक लिने क्रममा फिरौती रकम पिडितबाट लिएको रहेछ भने सो फिरौती रकम वा लाभको रकम प्रतिवादीबाट फिर्ता गराउने ब्यवस्था संहितामा नहुँदा क्षतिपूर्तिको दावी मै समावेश गर्नु पर्ने ।
- अन्तरिम क्षतिपूर्तिको माग गरेकोमा थुनछेककै क्रममा क्षतिपूर्ति नभराए निवेदन गर्ने अभ्यासको थालनी गरिनु पर्ने ।
- अभियोजन नीतिको बारेमा सरोकारवालाहरुलाई अन्तर्किया र छलफल गर्नु पर्ने ।
- Jointly समुदायमा सरकारी वकील कार्यक्रम संचालन लाई निरन्तरता दिने।

प्रचलित कानुन अपराध संहिता र कानुन कार्यन्वयनमा देखिएका समस्यालाई मुख्य न्यायाधिवक्ताद्धारा पेश गरिने वार्षिक प्रतिवेदनमा उल्लेख गरिने, प्रशिक्षण तथा अनतरक्रिया कार्यक्रममा कर्णाली प्रदेशका १० वटै जिल्लाका सरकारी वकिलहरु प्रहरी अनुसन्धान अधिकारीहरु लगायत सरोकारवालाको सहभागिता रहेको र दुई वटै संयन्त्रले समन्वयकारी भुमिका निवार्ह गरी अपराध अनुसन्धानलाई राज्यले व्यवस्था गरेको कानुनको परिपालना

गराई अगाडी बढ्नुपर्ने आवश्यक रहेको बताउदै कार्यक्रमका अध्यक्ष श्री द्रोणदत्त पौडेलले उद्घाटन सत्र समापन गर्नु भएको थियो ।

प्र.नि. श्री दिपक मल्लले अपराध अनुसन्धानमा समसामयिक तथा प्रचलित कानुन कार्यन्वयनमा चुनौती र समस्या समाधान सम्बन्धमा आफ्नो कार्यपत्र प्रस्तुत गर्ने क्रममा अपराध अनुसन्धानको विषयमा समस्या र समाधानका उपायहरु प्रस्तुत गर्नु भएको थियो।

**समस्याहरूः**

- कुनै कसुरको अनुसन्धानको क्रमश घटनास्थल मुचुल्का, खान तलासी लिदा स्थानिय व्यक्ति र स्थानिय तहको प्रतिनिधी वा सरकारी कर्मचारी लाई रोहवरमा राख्नु पर्ने ।
- स्थानिय मानिस, जनप्रतिनिधी वा सरकारी कर्मचारी नै रोहवरमा बस्न नमान्ने इन्कार गर्ने जस्ता समस्या छन्।
- वकपत्रको लागि जाने गरेता पनि जाहेरवाला /पीडीत /साक्षी आ- आफ्नै समस्या देखाई पटक–पटक अदालतमा जान इन्कार गर्ने
- अनुसन्धान गर्न विज्ञ ( वैकिंङ क्षेत्रमा काम गरेको ) प्रहरी कर्मचारी नहुने ।
- सवै तहका अदालतलाई सो सम्बन्धी कारबाही गर्ने अधिकार नभएकोले यस प्रदेशका हुम्ला, डोल्पा, जुम्ला, मुगु जस्ता जिल्लाले यस्ता कसुरको अनुसन्धानमा कसुरदार पक्राउ गर्ने आदेश लिन वा कसुरदार पक्राउ परेमा म्यादथप लिन सुर्खेत आउनु पर्ने ।
- नेपाल प्रहरीको भक्तपुर परिसर वाहेक अन्य  ईकाईमा निगरानी कक्षको स्थापना नहुनु
- बिडम्बना कर्णाली प्रदेश भरीका जिल्लामा बाल सुधार गृह नहुनु ( बालबालिका प्रतिवादी भई निजलाई सुधार गृहमा राख्नु परेमा अन्य प्रदेश ( भक्तपुर, पोखरा, बाँकेको बाल सुधार गृहमा पठाउनु पर्ने)

**समस्या समाधानः**

- अनुसन्धानमा वाह्य जनशक्ति माग गर्नु पर्ने र पारिश्रमिकमा दुविधा रहेको ।
- वाल यौन दुराचार, व्यक्ति अपहरण जस्ता कसुरमा पिडित लाई तत्काल क्षतिपुर्ति दिने व्यवस्था हुनु पर्ने ।
- प्रहरीका सवै मुद्दा चल्ने प्रहरी ईकाईहरुमा बाल निगरानी कक्षको स्थापना हुनु पर्ने ।
- कम्तीमा प्रदेश स्तरमा वाल सुधार गृहको स्थापना हुनु पर्ने ।

- बिधिबिज्ञान प्रयोगशाला लाई प्रदेश स्तरमा बिस्तार गरिनु पर्ने ।
- निगरानी कक्ष महिला तथा बालबालिकाको लागि हुनुपर्ने ।

## ४.२ मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेश सुर्खेतको स्वीकृत अर्धवार्षिक कार्यक्रम अनुसार "कानूनी एवं लिखित जवाफ सम्बन्धी दुइ दिने अन्तरक्रियात्मक प्रशिक्षण"

मुख्य न्यायाधिवक्ताको कार्यालयको आयोजनामा मिति २०७७/११/२५ गते वीरेन्द्रनगर सुर्खेतमा संचालित कार्यक्रमको अध्यक्षता मुख्य न्यायाधिवक्ताको कार्यालय सुर्खेतका कार्यालय प्रमुख श्री द्रोणदत्त पौडेल ज्यूले गर्नु भएको थियो।

प्रमुख अथिति उच्च अदालत सुर्खेतका माननीय न्यायाधिश श्री राजेश्वर तिवारी ज्यू ,विशेष अतिथी निवर्तमान मुख्य न्यायाधिवक्ता श्री विद्याभुषण मानन्धर ज्यू, अतिथीहरु उच्च सरकारी वकील कार्यालय सुर्खेतका नि.सह न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल ज्यू, जिल्ला सरकारी वकील कार्यालय सुर्खेतका जिल्ला न्यायाधिवक्ता श्री राजेश्वर अर्याल ज्यू, उच्च अदालत वार एशोसियशन  सुर्खेतका अध्यक्ष श्री उत्तम प्रसाद आचार्य ज्यू, जिल्ला अदातल वारएशोसियशन सुर्खेतका प्रतिनीधि श्री हिमालय जंग शाही ज्यू, स्काइ न्यूज दैनीक का सम्पादक श्री आकाशतारा वयक ज्यू, सात वटै मन्त्रालयमा कार्यरत कानून अधिकृत एवं कानून शाखामा काम गर्ने सहायक कर्मचारीहरुको सहभागिता रहेको थियो।

प्रमुख अतिथिबाट कार्यक्रमको उद्घाटन पश्चात उच्च अदालत बार एशोसियशनका अध्यक्ष श्री उत्तम प्रसाद आचार्य ज्यूले प्रशिक्षण कार्यक्रम सान्दर्भिक समय सापेक्ष भएकोले गोष्ठीको सफलताको कामना व्यक्त गर्दै आफ्नो धारणा राख्नु भएको थियो ।

त्यसै गरि प्रदेश सभा सचिवालयका उप सचिव श्री तेज प्रकाश जोशी ज्यूले स्वच्छ न्याय सम्पादनमा यो प्रशिक्षण कार्यक्रमले सहयोग पुऱ्याउने धारणा राख्दै कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो ।

विशेष अतिथि निवर्तमान मुख्य न्यायाधिवक्ता श्री विद्याभुषण मानन्धर ज्यू ले कार्यक्रम समय सापेक्ष भएकोले लेखन शैलीलाइ अगाडी बढाउन सबै सहभागीहरुको सक्रिय सहभागिता हुने र प्रदेश सरकारका मुद्दाहरु फर्छौट गर्नमा सघाउ पुग्ने भनाइ राख्नु भएको थियो ।

प्रमुख अतिथी उच्च अदालत सुर्खेतका माननीय न्यायाधिश श्री राजेश्वर तिवारी ज्यू ले यस प्रशिक्षण कार्यक्रमको विषय वस्तुको धारणा प्राकृतिक न्याय र कानून संग सम्बन्धित रहेको कुरा उल्लेख गर्नु भयो । कसैलाइ पनि सुनुवाइको मौका नदिइ दोषी प्रमाणित गर्नु हुँदैन । आर्थिक कारणले न्याय सम्म पहुँच हुन नसकेमा निशुल्क कानूनी उपचारको व्यवस्था गरेको भए पनि २०% जनतामा मात्र न्यायमा पहुँच रहेको धारणा राख्दै कार्यक्रम सफलताको शुभकामना गर्नु भएको थियो।

कार्यक्रमको पहिलो दिन उच्च सरकारी वकील कार्यालय सुर्खेतका उप-न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल ज्यूले रिट सम्बन्धी विषय, नेपालमा रिट निवेदन सम्बन्धी व्यवस्था, अदालतको क्षेत्राधिकार अदालतको विशेषाधिकारहरुमा निषेधाज्ञा, वन्दीप्रत्यक्षीकरण, उत्प्रेषण, प्रतिषेध,अधिकारपृच्छा का बारेमा सामान्य जानकारी गराउनु भएको थियो ।त्यसै गरि कारण देखाउ आदेश र अन्तरिम आदेश का सम्बन्धमा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ उच्च अदालत नियमावली २०७३ को नियम ४२ मा र जिल्ला अदालत नियमावली २०७५ को नियम ३४ मा भएको व्यवस्थाको बारेमा सहभागिहरुलाई प्रशिक्षित गराउनु भएको थियो।

कार्यक्रमको अध्यक्ष तथा उप-सचिव द्रोणदत्त पौडेल ज्यूले लखित जवाफ सम्बन्धमा प्रकाश पार्दै लिखित जवाफको परिचय र सरकारी निकायले लिखित जवाफ तयार गर्दा ध्यान दिनु पर्ने कुराहरुका बारेमा चर्चा गर्नु भएको थियो । त्यसै गरि लिखित जवाफ दर्ता हुने प्रक्रया र मिसिल कागजातहरु पेश हुने प्रमाणको विश्लेषण र प्रस्तुती पुनरावेदन सम्बन्धी प्रक्रयाहरु र लिखित जवाफको ढाँचाका सम्बन्धमा सहभागिहरुलाई प्रशिक्षित गराउनु भएको थियो।

कार्यक्रमको दोस्रो दिन उच्च सरकारी वकील कार्यालय सुर्खेतका उप न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल ज्यू ले अपराध अनुसन्धान सम्बन्धी मुलुकी फौजदारी कार्यविधि संहिताले गरेको व्यवस्थाको सम्बन्धमा सामान्य जानकारी गराउंदै अभियोजन तथा मुद्दाको दायरी संकलित सवुत प्रमाणबाट मुद्दा चल्ने, नचल्ने निर्णय तथा अभियोजन गर्ने कारण मुलुकी अपराध संहिता २०७४ को बमोजिम अभियोग पत्र दायर गर्ने सम्बन्धी व्यवस्था र सो मा प्रयोग हुने अनुसूचीहरुका बारेमा पनि जानकारी गराउनु भएको थियो । अभियोजनलाइ प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयले जारी गरेको अभियोजन नीति २०७७

तथा अपराध अनुसन्धान सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ ले गरेका नवीनतम व्यवस्थाहरु का बारेमा प्रष्ट्याउनु भएको थियो ।

प्रदेश सभा सचिवालयका उप सचिव श्री तेज प्रकाश जोशी ज्यू ले कानून निर्माणको सैद्दान्तिक चरण र अवधारणा सम्बन्धी विषयमा प्रशिक्षण गर्नु भएको थियो । कानून भनेको के हो, कानून निर्माणको सैदान्तिक अवधारणा, कानून किन बनाइन्छ भन्ने बारेमा प्रष्ट पार्नु भएको थियो । विधायन तर्जुमाका सीमाहरु, कानून निर्माणका चरणहरु कानून निर्माण गर्दा मस्यौदा पूर्वको चरण, मस्यौदा तर्जुमाको चरणहरु मस्यौदा तयार गर्दा ख्याल राख्नु पर्ने विषयमा ध्यान पुग्न आवश्यक छ।मौलिक हकको कार्यान्वयनको लागि संघ, प्रदेश तथा स्थानीय तहले समयमा नै जिम्मेवारी निर्वाह गर्नु पर्ने र अपर्याप्त भएका कानूनको निर्माण गरी पूर्णता दिनुपर्ने, सम्बन्धमा जानकारी गराउनु भएको थियो।

उच्च सरकारी वकील कार्यालय सुर्खेतका उप न्यायाधिवक्ता नगेन्द्र लम्साल ज्यूले वर्तमान मुलुकी फौजदारी कार्यविधिले गरेका नवीनतम् व्यवस्थाहरुका बारेमा प्रशिक्षण दिनु भएको थियो । अभियोजन सम्बन्धमा मुलुकी फौज्दारी कार्यविधि २०७४ ले गरेका नविनतम व्यवस्थाका बारेमा चर्चा गर्नु भयो ।अभियोजन भन्नाले अनुसन्धानबाट सकलित सबुत प्रमाणका आधारमा कुनै पनि व्यक्ति उपर निजले गरेको कसूर अपराध प्रचलित कानून बमोजिम सजायको दावी लिइ अभियोग लगाउने कार्य भन्ने बुझिन्छ । कानूनले कसूर नमानेको कुरामा अभियोजन नहुने तथा एउटै कसूरमा एक पटक भन्दा बढी मुद्दा नचलाउने र समान तथ्य र प्रमाण भएका मुद्दामा अभियोजनको निर्णयमा एकरुपता हुनु पर्ने जस्ता विषयहरुमा जानकारी गराउनु भएको थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका कानून अधिकृत श्री वीरेन्द्र रोकायले प्रदेश सरकारको आर्थिक कार्यविधि सम्बन्धी विषयमा प्रशिक्षण गर्नु भएको थियो । संचित कोष र अन्य सरकारी कोषको संचालन तथा व्यवस्थापन  बजेट तर्जुमा निकासा तथा खर्च कारोबारको लेखांकन तथा प्रतिवेदन वित्तीय व्यवस्थापन प्रणालीलाइ जिम्मेवार पारदर्शी नतिजामूलक तथा उत्तरदायी बनाउन आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गराउन आवश्यक रहेको कुरा जानकारी गराउनु भयो ।बजेटको सिमा र मार्ग दर्शन बमोजिम खर्च गर्ने गरि आर्थिक गतिविधि संचालन गर्ने विषयमा प्रशिक्षण दिनु भएको थियो।

सहभागीहरुका तर्फबाट प्रदेश सभा सचिवालयका कानून अधिकृत सर्मिला विश्वकर्माले कानूनी एवं लिखित जवाफ सम्बन्धी यो प्रशिक्षण गोष्ठी बाट सर्वसाधारणहरुको न्याय पहुंचमा वृद्दि गर्दै  हाल भैरहेका कानूनमा भएका व्यवस्थालाइ समय सापेक्ष सुधार गर्दै लैजानु पर्ने धारणाका साथ कार्यक्रमलाई निरन्तरता दिनु पर्ने आफ्नो भनाइ राख्नु भएको थियो ।

समापन कार्यंक्रममा प्रमुख अतिथीका रुपमा रहनु भएका मुख्य मन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सुर्खेतका कानून सचिव श्रीमान शंकर वहादुर के.सी. ज्यू बाट हरेक तह र तप्कामा रहेका कानून अधिकृत एवं कानून शाखामा काम गर्न सहायक कर्मचारीहरुको क्षमता अभिवृद्दि भै स्वच्छ न्याय सम्पादन हुने कुरामा विश्वास लिदै आगामी दिनहरुमा कार्य सम्पादन गर्न सहज हुने धारणा राख्नु भएको थियो ।

प्रशिक्षण कार्यक्रमका सभापती एवं मुख्य न्यायाधिवक्ताको कार्यालय सुर्खेतका उप सचिव द्रोणदत्त पौडेल ज्यू बाट मुलत सहभागीहरु तथा अतिथीहरुबाट आएका सुझावहरुलाइ आत्मसाथ गर्दै आगामी कार्यक्रम कानून स्नातक तहका विद्यार्थीहरु, जिल्ला तथा उच्च वारका सदस्य, कानून व्यवसायीहरु, मन्त्रालयहरु, विभाग, निर्देशनालयहरु ,आयोगहरु समेतमा कार्यरत विशेष गरी मुद्दा एवं कानून शाखामा काम गर्ने कर्मचारीहरुको व्यापक सहभागिता गराइ उपलब्धीमूलक परिणाममुखी तालिम कार्यक्रम संचालन गरिने प्रतिवद्दता जनाउदै कार्यक्रमलाई सफल पार्नमा सहयोग गर्नु हुने प्रमुख अतिथि, अतिथि र सहभागिहरु समेतलाई धन्यवाद ज्ञापन गर्दै उक्त २ दिने प्रशिक्षण कार्यक्रम समापन गर्नु भएको थियो।

## ३.३ सरोकारवाला निकायको प्रतिनिधि तथा नागरिकको बिचमा न्यायमा पहुँच विषयक कार्यक्रम, २०७७

मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेश सुर्खेतको अर्धवार्षिक स्वीकृत कार्यक्रम अनुसार जाजरकोट जिल्लाको सदरमुकाममा भेरी नगरपालिका समेतका सो क्षेत्रका महिला, दलित, जनजाति, अपाङ्ग, वालवालिका, जेष्ठनागरिक, स्थानीय तहमा रहेका न्यायिक समितिका पदाधिकारीहरु, विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरु र सर्वसाधारण नागरिकहरुको बिचमा न्यायमा पहुँच विषयक कार्यक्रम मिति २०७७/१२/२५ र २६ गते संचालन भएको थियो । कार्यक्रमको अध्यक्षता मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली

प्रदेश, सुर्खेतका कार्यालय प्रमुख उप-सचिव श्री द्रोणदत्त पौडेल ज्यूले गर्नु भएको थियो । प्रमुख अतिथी जाजरकोट जिल्ला अदालत का माननीय जिल्ला न्यायाधिश यज्ञ प्रसाद आचार्य ज्यू हुनुहुन्थ्यो । प्रमुख अतिथी ज्यूले स्थानीय तहमा रहेका हरेक लक्षित वर्गहरुको कानूनी कार्वान्वयन र सोको चुनौतिको बारेमा यो कार्यक्रम सफल रहोस भनि शुभकामना दिनु भएको थियो । प्रमुख अतिथि समेत सहभागिलाई कार्यक्रममा स्वागत गर्दै कार्यकममा मुख्य न्यायाधिवक्ता कार्यालयका शाखा अधिकृत श्रीराम ओझाले कार्यक्रमको बारेमा प्रकाश पार्नु भएको थियो ।

यस कार्यक्रममा जिल्ला वारएशोसियशनका पुर्व अध्यक्ष सहदेव जंग शाह, बालप्रतिनिधि मनिषा सिहं, जेष्ठनागरिक प्रतिनिधि खडक बहादुर के.सी. भेरी नगरपालिकाका न्यायिक समितिका प्रतिनिधि कौशिला कामी ,कुशे गाउपालिकाका मेलमिलाप कर्ता टेक बहादुर महतरा, महिला प्रतिनिधी पवित्रा चुनारा,नलगाड नगरपालीका डल्लीका प्रतिनिधि रेखा रोकाय दलित प्रतिनिधि राम बहादुर नेपाली सहित विभिन्न सरोकारवाला निकायहरुका कानूनसँग सम्बन्धित कर्मचारीहरुको उपस्थित रहेको थियो ।

जिल्ला सरकारी वकील कार्यालय जाजरकोटका जिल्ला न्यायाधिवक्ता उमाकान्त पौडेलले जेष्ठ नागरिकका कानूनी अधिकार र वालअधिकारको विषयमा हालको कानूनी व्यवस्था बारे प्रशिक्षण दिनु भएको थियो । दोस्रो प्रशिक्षकका रुपमा श्रीराम ओझाबाट नेपालको मौजुदा कानूनमा बालअधिकार र वालसंरक्षणको बारेका प्रष्ट पार्नु भएको थियो । तेस्रो प्रशिक्षकका रुपमा फौजदारी न्याय प्रणाली, कार्यविधि र कानूनको सिद्दान्तहरुको विषयमा सहायक जिल्ला न्यायाधिवक्ता राजन खनालले प्रशिक्षण दिनु भएको थियो । त्यसै गरी उप-सचिव द्रोणदत्त पौडेल ज्यूबाट मुलुकी संहितामा रहेका महिला अधिकार र संरक्षण सम्बन्धि नेपालको संविधानमा महिला अधिकार र कार्यान्वयनको विषयमा प्रष्ट पार्दै आफ्नो धारणा राख्नु भएको थियो।

कार्यक्रमको द्रोस्रो दिन समापन कार्यक्रमका अध्यक्ष मुख्य न्यायाधिवक्ताको कार्यालयका उप-सचिव द्रोणदत्त पौडेलले गर्नु भएको थियो। प्रमुख अथिति जिल्ला प्रशासन कार्यालय जाजरकोटका प्रमुख जिल्ला अधिकारी प्रेम देवकोटा ज्यूको आथित्यमा सम्पन्न भएको थियो। प्रमुख अतिथी ज्यूबाट मुख्य न्यायाधिवक्ताको कार्यालयले संचालन गरेको लक्षित वर्गहरुका लागि कानूनी पहुँच विषय सचेतना कार्यक्रमबाट आफुले सिकेका कानूनसँग सम्वन्धित

विषयहरुको ज्ञान, सीप र अनुभवबाट आ-आफ्नो कार्य क्षेत्रमा गै सफलता पुर्वक कानून कार्यान्वयनमा आउने अपेक्षा राखु भएको थियो। दुई दिने कानूनी सचेतना कार्यक्रममा समावेश भएका ६ वटा कार्यपत्र/प्रशिक्षणबाट प्राप्त ज्ञानलाई आफ्नो कार्यक्षेत्रमा कुशलता पुर्वक प्रयोगमा आउने धारणा राख्दै समापन कार्यक्रमको अध्यक्ष श्री द्रोणदत्त पौडेलले कार्यक्रमलाई समापन गर्नु भएको थियो ।

मुख्य न्यायाधिवक्ता कार्यालय कर्णाली प्रदेश सुर्खेतको अर्धवार्षिक स्वीकृत कार्यक्रमबमोजिम जाजरकोट जिल्लामा संचालित दुइ दिवसीय कार्यक्रमबाट निम्नानुसारको उपलब्धि हासिल भएको देखिन्छ।

- कानूनसँग अपरिचित महिला,दलित, जनजाति, अपाङ्ग, वालवालिका जेष्ठनागरिक, स्थानिय तहमा रहेका न्यायिक समितिका पदाधिकारीहरु, विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरु र सर्वसाधारण नागरिकहरुको विचमा कानून मैत्री वातावरण सृजना गर्ने प्रयास गरेको।
- जाजरकोट भौगोलिक हिसाबले अति विकट जिल्लाको नामले परिचित जिल्लामा गएर स्थानीय तह समेतको जनप्रतिनिधीहरुलाई कानूनी सचेतना कार्यक्रममा समेटन पाउनु उपलब्धि मुलक रहेयो। भेरी नगरपालिका, कुशे गाउपालिका र नलगाड नगरपालिकाबाट स्थानीय नागरिकहरुलाई झिकाइ कानूनी विषयमा जानकारी दिने काम चुनौतिपूर्ण भएता पनि सो कार्यक्रममा उल्लेख्य सहभागिता रहेको देखियो।
- मुख्य न्यायाधिवक्ताको कार्यालय र स्थानीय नागरिकहरुसँग समन्वय गरी कार्यालयको चिनारीमा बृद्धिगरी कार्यालय मैत्री वातावरण बनाउन सहयोग पुगेको अवस्था रहयो।

## ४.४ मुख्य न्यायाधिवक्ताको कार्यालयको काम कारवाही एवं महान्यायाधिवक्तासँगको अन्तर सम्बन्ध विषयक तेस्रो राष्ट्रिय कार्यशाला, २०७७

मिति २०७७/१२/२७ गते महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा ७ प्रदेशको मुख्य न्यायाधिवक्ता ज्यूहरु समेतका १ दिवसीय तेस्रो राष्ट्रिय कार्याशाला २०७७ अध्यक्षता वरिष्ठ नायव महान्यायाधिवक्ता श्री पदम प्रसाद पाण्डे ज्यू गर्नु भएको थियो ।प्रमुख अथिति माननीय महान्यायाधिवक्ता श्री रमेश वडाल ज्यू, अथितिहरु नायव महान्यायाधिवक्ता ज्यूहरु,

सात प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता ज्यूहरु, सहन्यायाधिवक्ता ज्यूहरुको उपस्थितिमा उक्त कार्यक्रम संचालन भएको थियो।

कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै अथितिहरुलाई स्वागत मन्तव्य नायव महान्यायाधिवक्ता श्री विश्वराज कोइराला ज्यूले गर्नु भएको थियो। महान्यायाधिवक्ताको कार्यालयको तेस्रो रणनितिक योजना तर्जुमा विषयक प्रस्तुतीकरण सह न्यायाधिवक्तामा श्री गोपाल प्रसाद रिजालले गर्नु भएको थियो। त्यसै गरी मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठन, संरचना तथा महान्यायाधिवक्ताको कार्यालयसँगको अपेक्षा सम्बन्धमा प्रदेश नं.१ का मुख्य न्यायाधिवक्ता श्री चुडामणी आचार्यले आफ्नो धारणा राख्नु भएको थियो। त्यसपछि सामुहिक छलफलको कार्यक्रम रहेको थियो। सो छलफल पश्चात प्रमुख अथिति माननीय महान्यायाधिवक्ता श्री रमेश वडाल ज्युबाट छलफलमा उठेका विषय समेटदै आफ्नो धारणा राख्नु भएको थियो ।प्रमुख अतिथिका मन्तव्य पछि कार्यक्रमको अध्यक्ष नायव महान्यायाधिवक्ता श्री पदम प्रसाद पाण्डे ज्यूबाट कार्यक्रमको उद्देश्य, प्राप्त उपलब्ध र भावी योजना सम्बन्धमा प्रकाश पार्दै कार्यक्रम समापन गर्नु भएको थियो।

## ४.५ महान्यायाधिवक्ताको कार्यालयले संचालन गरेको कार्यक्रमको झलक

विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस covid-19 को महामारीको जोखिमपुर्ण अवस्थामा पनि महान्यायाधिबक्ताको कार्यालयलले ७ वटै प्रदेशका माननीय मुख्य न्यायाधिबक्ताहरु, उच्च, जिल्ला तथा मुख्य न्यायाधिबक्ताको कार्यालयमा कार्यरत अधिकृत सरकारी वकिल समेत ५०/५१ जनालाई भर्चुअल माध्यमबाट सहभागी गराई सबै प्रकारका रिट निवेदनको अवधारणा विकास र प्रयोग विषयमा मिति २०७७/५/२१ देखि मिति २०७७/०५/२५ गतेसम्म दिन ५ विषय विज्ञहरुबाट प्रशिक्षण दिने कार्य भएको थियो।

कार्यक्रमको अध्यक्षता नायव महान्यायाधिवक्ता श्री पदम प्रसाद पाण्डे ज्यूले गर्नु भएको थियो। प्रमुख अतिथी माननीय महान्यायाधिवक्ता श्री अग्नी प्रसाद खरेल ज्यू हुनुहुन्थ्यो भने अतिथीहरुमा ७ वटै प्रदेशका मुख्य न्यायाधिवक्ता ज्यूहरु रहनु भएको थियो । कार्यक्रकको उद्धाटन पश्चात कार्यक्रमको पहिलो दिन प्रदेश नं १ का मुख्य न्यायाधिवक्ता श्री चुडामणी आचार्य र कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ता श्री विद्याभुषण मानन्धरले कार्यक्रको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो, प्रमुख अतिथी माननीय महान्यायाधिवक्ता श्री अग्नी

प्रसाद खरेल ज्यूबाट कार्यक्रमको सफलताको शुभकामना सहित आफ्नो मन्तव्य राखु भएको थियो । रिटको अवधारणाको विषयमा प्रदेश नं २ का माननीय मुख्य न्यायाधिवक्ता श्री दिपेन्द्र झा ज्यूले विभिन्न देशको अवधारणा सहित रिट क्षेत्रको विविध विषयमा प्रकाश पार्नु भएको थियो। संवैधानिक इजलास अधिकारको क्षेत्र प्रयोगको अवस्थाको बारेमा सह न्यायाधिवक्ता श्री संजिवराज रेग्मी ज्यूले प्रकाश पार्नु भएको थियो।

कार्यक्रमको दोस्रो दिन देखि रिटका सम्बन्धमा वरिष्ठ अधिवक्ता तथा संविधानविद भिमार्जुन आर्चाय ज्यू, सुदुरपश्चिम प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता श्री कुलानन्द उपाध्याय ज्यू, अधिवक्ता माधव कुमार वस्नेत ज्यू, अधिवक्ता टिकाराम भट्टराई ज्यूले प्रशिक्षण गर्नु भएको थियो। रिट सम्वन्धमा अदालती कार्वाही  विधिशास्त्रीय अध्ययन र प्रयोगको विषयमा उच्च अदालत पाटनका माननीय न्यायधिश टेक प्रसाद ढुङ्गाना ज्यू, रिटहरुको क्षेत्राधिकारको विषयमा माननीय न्यायधिश किरण पौडेल ज्यू र द्वन्द र समाधानको विषयमा नायव महान्यायाधिवक्ता पदम प्रसाद पाण्डे ज्यूबाट प्रशिक्षण दिनु भएको थियो। यसै गरी रिट निवेदन रिटको क्षेत्र, उद्देश्य यसबाट प्राप्त हुने अधिकारको सम्बन्धमा प्रयोग हुने ५ प्रकारका रिट निवेदन र कानून प्रदत्त मौलिक हकको रक्षा हुने अवस्था, चुनौति, कानूनको व्याख्या, सिद्धान्त प्रतिपादन गर्ने कार्यको अधिकार क्षेत्र सर्वोच्च अदालतमा रहेको अवस्था छ। यसबाट मुख्य न्यायाधिवक्ताहरुको कार्य प्रकृति पनि रिट क्षेत्रसँग सम्बन्धित भएकोले यस कार्यालयमा कार्यरत सरकारी वकिल समेतलाई पूर्णलाभ प्राप्त हुने अवसर प्रदान भएको थियो । उक्त प्रशिक्षण कार्यक्रममा यस प्रदेशका मुख्य न्यायाधिवक्ता विद्याभुषण मानन्धर, शाखा अधिकृत भिमराज गौली र चन्द्र बहादुर खत्री समेतको सहभागिता रहेको थियो ।

मिति २०७७/०५/२१ मा भर्चुयल माध्यमबाट शुरु भएको रिट सम्बन्धि विविध विषयमा भएको ५ दिने प्रशिक्षण कार्यक्रम मिति २०७७/०५/२५ गते प्रमुख अतिथी माननीय महान्यायाधिवक्ता श्री अग्नी प्रसाद खरेल ज्यू, नायव महान्यायाधिवक्ता ज्यूहरु, सातै प्रदेशका मुख्य न्यायाधिवक्ता ज्यूहरु तथा सह न्यायाधिवक्ता ज्यूहरु जुम मिटिङ्गमा जोडिएका सहभागिहरु समेतको उपस्थितिमा प्रमुख अतिथिको सम्वोधन पश्चात कार्यक्रमका अध्यक्ष नायव महान्यायाधिवक्ता श्री पदम प्रसाद पाण्डे ज्यूबाट ५ दिनको कार्यक्रमको विवेचनात्मक समिक्षा गर्दै कार्यक्रमलाई समापन गर्नु भएको थियो ।

पाँचौ खण्ड

# विविध

## ५.१ मुख्य समस्या, सुझाव तथा विविध विषयको विवरण

१. प्रदेश सरकारका विभिन्न मन्त्रालय, निकाय तथा अधिकारीहरुलाई विपक्षी बनाई दर्ता गरिएका रिट/निवेदन उपर सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालत सुर्खेतबाट विपक्षीहरुका नाममा लिखित जवाफ पेश गर्ने आदेश गर्दा सम्बन्धित प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी आदेश गर्नुपर्नेमा अदालतद्धारा प्रदेश सरकारको क्षेत्रधिकार भित्र भन्दा बाहिरका निकाय महान्यायाधिवक्ताको कार्यालय र उच्च सरकरी वकील कार्यालय मार्फत लिखित जवाफ पेश गर्न भनी आदेश हुने गरेको पाइएकोमा सम्मानित अदालत तथा निकायहरुले पनि संविधान तथा कानून बमोजिम त्यस्ता आदेश/लिखित जवाफ पेश गर्नका लागि आफ्नो क्षेत्रबाट सुधार गर्नुपर्ने देखिएको।

२. प्रदेश सरकारका मन्त्रालय तथा मातहत विभाग, निकाय र कार्यालयहरुबाट आफूलाई विपक्षी बनाइएका मुद्दाहरुको लिखित जवाफ तयार गर्दा मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत दर्ताका लागि पठाउन पर्नेमा सम्बन्धित निकाय वा कार्यालयहरुले सोझै अदालतमा लिखित जवाफ दर्ता गर्ने गरेको र लिखित जवाफ तयार गर्दा मुख्य न्यायाधिवक्ताको कार्यालयको कार्यालयमा मस्यौदा उपर आवश्यक छलफल,परामर्श गरी दर्ताका लागि पठाउने गर्दा लिखित जवाफमा स्तरीयता कायम हुन जाने ।

३. प्रदेश सरकार र सो मातहतका मन्त्रालय तथा विभागका अधिकारीहरुबाट कानूनी राय माग गर्दा विधि प्रकृया पुर्याइ आउने गरेको नपाइएकोले ऐनमा व्यवस्था भए बमोजिम प्रकृया पुरा गरी राय माग गर्नु पर्ने देखिन्छ।

४. महान्यायाधिवक्ताको कार्यालयबाट मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारीहरुलाई सरुवा वा काजमा तोकि अन्य कार्यालयमा पठाउँदा मुख्य न्यायाधिवक्तसँग परार्मश नगरी पठाउने गरेबाट मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिकालाई ओझेल पर्ने जस्तो देखिएको हुँदा समन्वय गरी सरुवा वा काज तोक्ने व्यवस्था गरिनु पर्ने देखिन्छ।

५. महान्यायाधिवक्ताको कार्यालयबाट अधिकृत कर्मचारीहरुलाई विदेश भ्रमणमा पठाउँदा तत् तत् प्रदेशमा काम गर्ने अधिकृत कर्मचारीलाई पनि समाविष्ट गर्नु पर्नेमा सो भए गरेको नदेखिएको।

६. एउटै मुद्दामा विपक्षी बनाएका फरक फरक निकायबाट लिखित जवाफ पेश गर्दा एकरुपता कायम गरिनु पर्नेमा सो नभएकोले समन्वय गरीनु पर्ने।

७. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धि नियमावली तत्काल निर्माण हुनुपर्नेमा नभएको।

८. प्रदेश सरकार विरुद्धमा सर्वोच्च अदालत र उच्च अदालत सुर्खेत तथा जुम्ला इजलासमा समेत मुद्दा दायर हुने गरेकोमा सो ठाउँहरुमा मुख्य न्यायाधिवक्ताको कार्यालय बाट उपस्थित भई वहस, पैरवी गर्न कठिनाइ देखिरहेकोले काठमाडौं र जुम्लामा समेत मुख्य न्यायाधिवक्ताको मातहतमा कार्यालय स्थापना र आवश्यक दरवन्दी सहितको कार्यालय व्यवस्थापनका लागि प्रदेश सरकारले पहल गर्नु पर्ने।

९. मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलको कार्य व्यावसायिक कार्य हो । सरकारी वकीलले संविधानले दिएको जिम्मेवारी पुरा गर्न पदीय कार्यकुशलता, आचारण नैतिकता मापदण्डको पालना स्वतन्त्रपूर्वक कार्य सम्पादन गर्न सक्ने वातावरण व्यवहारीक ज्ञान हासिल हुने कार्य प्रति दृढ इच्छा शक्तिको विकास गर्ने वातावरण आवश्यक हुन्छ।

## ५.२ सुझाव तथा सल्लाह

माथि उल्लेखित विभिन्न प्रकरणहरुमा औंल्याइएका समस्या तथा कठिनाइहरुको कानूनी तथा व्यवहारिक रुपमा सम्बोधन गरिएमा सबै समस्या तथा कठिनाइहरुको समाधान भई प्रभावकारी कार्यसम्पादन भई संविधान तथा कानूनको मर्म पुरा हुने अवस्था देखिन्छ।

- प्रदेश सरकारका मन्त्रालयहरुबाट बिषयगत कानुन निर्माण गर्न मुख्य न्यायधिवक्ताको परामर्श तथा सहभागितालाई अनिवार्य नबनाउँदा कानून निर्माण पश्चात सो सम्वन्धमा मुद्दा परी अदालतबाट कानून बदर हुने स्थितिमा कानून निर्माणमा खर्च भएको श्रम र लागतको तुलनामा उपलब्धि शुन्य हुने हुँदा कानून निर्माण प्रक्रियामा मुख्य न्यायधिवक्ताको उपस्थितीलाई अनिवार्य गरिनु पर्ने।
- मुख्य न्यायाधिवक्ताको कार्यालयको लागि आवश्यक आफ्नो कार्यालय भवन निर्माणको लागि यथासिघ्र व्यवस्थापन आवश्यक पहल र प्रदेश सरकारको ध्यान जानु पर्ने।
- प्रदेश सरकारका सचिव स्तरिय बैठक तथा गोष्ठीहरुमा मुख्य न्यायधिवक्ताको कार्यालयको उपस्थितीलाई अनिर्वाय गराइनु पर्ने।
- प्रदेश सरकारबाट मुख्य न्यायधिवक्ताको कार्यालयको भूमिकालाई समेत मुख्य प्राथमिकता दिनु पर्ने।

- प्रदेश स्थित सरकारी वकील कार्यालय तथा प्रहरी कार्यालयबाट संकलन भै पेश गरीएका फौजदारी मुद्दाको अवस्था सम्बन्धि तथ्याङ्कलाई विश्लेषण गरी प्रदेशमा शान्ती सुरक्षा सु- व्यवस्था र अमनचयको लागि प्रदेश सरकारले रणनीति र कार्यनीति अवलम्वन गर्नु पर्ने।
- जिल्ला अदालत, उच्च अदालत प्रदेश मातहतका अर्ध न्यायिक निकाय एवं न्यायिक निकायसँगको समन्वयमा सम्पर्क स्थापित गर्न प्रदेशस्तरीय भर पर्दो संयन्त्रको आवश्यकता रहेको।
- संविधान बमोजिम निर्माण हुने प्रदेश न्याय सेवा आयोगमा मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुनु पर्ने।
- फौजदारी न्याय प्रणालीमा मुख्य न्यायाधिवक्ताको भूमिकाका बारेमा स्पष्ट निति अवलम्बन हुनुपर्ने।
- प्रदेशका १० वटै जिल्ला प्रहरी कार्यालय भित्र बाल निगरानी कक्ष स्थापना गर्नु पर्ने।
- प्रदेश सरकारको मातहत रहने गरी कर्णाली प्रदेश विधि विज्ञान प्रयोगशाला स्थापना गर्नु पर्ने।
- प्रदेश न्याय सेवा तालिम केन्द्र वा प्रदेश न्यायिक प्रतिष्ठानको स्थापना गरी न्याय र कानूनको क्षेत्रमा कार्यरत जनशक्ति लाई तालिम दिनु पर्ने।
- मुख्य न्यायाधिवक्ताले पालन गर्नु पर्ने आचार संहिता निर्माण हुनु पर्ने
- नियमावली निर्माण गर्नु पर्ने
- प्रदेश सरकारको तर्फबाट गरिने वहस पैरवी र प्रतिरक्षा एवं कानूनी राय समेतका सम्बनधमा आवश्यक निर्देशिका बनाउनु पर्ने
- मुख्य न्यायाधिवक्ताले आफुलाइ प्राप्त अधिकार र मातहतका अधिकृत कर्मचारीहरुलाई प्रदेश राज पत्रमा सूचना प्रकाशन गरि प्रत्योजन गर्नु पर्ने।
- सर्वोच्च अदालत र उच्च अदालत सुर्खेत जुम्ला इजलासमा यस कार्यालयका सम्पर्क व्यक्ति/कर्मचारी तोक्नु पर्ने।
- पत्रपत्रिका प्रकाशित हाम्रो कार्यालयसँग सम्बन्धित समाचारहरुको फोटोकपि सार्ने।

## ५.३ मुख्य न्यायाधिवक्ताको कार्यालयका अवसर र चुनौतीहरु

संघीय गणतन्त्र नेपालको नयाँ संरचना निर्माणको क्रममा गठन भएका सात (७) वटै प्रदेशमा मुख्य न्यायाधिवक्ताको कार्यालय रहने व्यवस्था भए बमोजिम प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा प्रत्येक प्रदेशमा एक/एक जना मुख्य न्यायाधिवक्ताको रुपमा नियुक्त गर्ने संवैधानिक व्यवस्था अनुरुप कर्णाली प्रदेशले पनि मुख्य न्यायाधिवक्ताको नियुक्ती

गरिएको अवस्था छ। नेपालको संविधानले गरेको व्यवस्था तथा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य सर्त सम्बन्धि ऐन २०७५ले मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिकालाई प्रभावकारी बनाउने सन्दर्भमा निम्न अनुसारका अवसर तथा चुनौतिहरु सृजना भएका छन। जुन यस प्रकार रहेका छन्।

- प्रदेश सरकार तथा प्रदेश मन्त्रालय र सो मातहतमा रहेका विभाग तथा कार्यालयहरुका विरुद्द सम्मानित सर्वोच्च अदालत तथा प्रदेश स्तरका उच्च अदालत सुर्खेत र जुम्ला इजलासमा परेका रिट निवेदनहरुमा प्रदेश सरकारको तर्फबाट प्रतिनिधित्व गरी प्रतिरक्षा गर्ने कार्य भएको छ।
- मुख्य न्यायाधिवक्ताको कार्यालयले अनौपचारिक रुपमा मुख्यमन्त्री तथा मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयहरुलाई संवैधानिक कानूनी तथा अन्य विषयमा राय सुझाव दिइएको छ।
- कर्णाली प्रदेशमा कानूनी शासनको **अनुभुत** गराउन यस कार्यालयबाट प्रदेशमा रहेका नागरिक **विद्यार्थी** तथा स्थानिय तहका जनप्रतिनिधिहरुका लागि कानूनी सचेतना कार्यक्रमहरु संचालन गर्न सकिने अवस्था रहेको छ।
- संविधान र स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार स्थानिय तहहरुले बनाएका कानूनहरु संघीय तथा प्रदेश कानूनसंग बाँझिएको छ या छैन भन्ने सम्बन्धमा अध्ययन गरी आवश्यक परामर्श एवं निर्देशन दिन सकिने।
- फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को दफा ३८ को उपदफा (२) बमोजिम प्रोवेसन तथा प्यारोल गठन वोर्डको प्रत्यक्ष निर्देशन नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा गठन हुने प्यारोल तथा प्रोवेशन वोर्ड मार्फत कारागार व्यवस्थापन तथा संचालनलाई व्यवस्थितरुपले मद्दत गर्नुका साथै कैद भुक्तान गरीरहेका कैदीहरुलाई सामाजिक पुर्न मिलनका लागि सहज वातावरण श्रृजना गर्न सकिने देखिन्छ।
- प्रदेश भित्र रहेका कारागार तथा हिरासत कक्षहरुको अनुगमन तथा निरीक्षण गरी कारागार व्यवस्थापन र हिरासत कक्षको सुधारका लागि सम्वन्धित निकायहरुलाई निर्देशन दिन सकिने साथै समन्यकारी भूमिका निर्वाह गर्न सकिने अवस्था हरेको छ।
- प्रदेश सरकारबाट प्रवाह हुने कामकार्वाहीहरुलाई कानूनी शासनको मान्यतामा आधारीत **गराउन** सकिने।
- प्रदेश सरकारको तर्फबाट न्यायिक तथा अर्ध न्यायिक निकायहरुमा अनिवार्य प्रतिनिधित्व गराउने अवस्था श्रृजना भएको देखिन्छ।

## ५.४ मुख्य न्यायाधिवक्ताको कार्यालयका चुनौतिहरु

- प्रदेशमा रहेका अर्ध न्यायिक निकायहरुसंग समन्वय गरी काम गर्न कानूनको अभाव रहेको देखिन्छ।
- प्रदेशको कार्यकारी अधिकार प्रदेश सरकारमा रहेता पनि आवश्यक संयन्त्रको अभावमा प्रदेशको भूमिका गौण रहेको देखिन्छ।
- अपराध अनुसन्धान तथा अभियोजनमा मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिकालाई आत्मसाथ नगरिएको देखिन्छ।
- प्रदेश सरकार मातहतका वन कार्यालयहरुबाट चल्ने मुद्दाहरु मुख्य न्यायाधिवक्ताको कार्यालयको क्षेत्राधिकार भित्र ल्याउन नसकिने कानूनी जटिलता रहेको।
- मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका मातहतका कार्यालय स्थापना हुन नसक्नु।
- प्रदेशमा रहेका जिल्ला तथा उच्च सरकारी वकिल कार्यालय र मुख्य न्यायाधिवक्ताको कार्यालय बिचको अन्तरसम्बन्धका विषयमा कानून मौन रहेको।
- प्रदेश भित्रको फौजदारी मुद्दाको अन्तिम निर्णय वा निर्देशन दिन सक्ने कानूनको अभाव रहेको।

## ५.५ निश्कर्ष

मुलुक संघीय संरचनामा गए संगै गठन भएका प्रदेश सरकारको दैनिक कार्य संचालन गर्ने क्रममा भए गरका निर्णय तथा कार्यहरुका साथै प्रदेश सभाबाट निर्माण भएका कानूनहरुको कार्यान्वयनको क्रममा आई पर्ने कानूनी जटिलताहरुको समाधान गर्न तथा प्रदेश सरकार तथा मातहतका कार्यालयहरु पक्ष /विपक्ष भएका मुद्दाहरुमा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने लगाएतका प्रदेश सरकारको मुख्य कानूनी सल्लाहाकारको रुपमा मुख्य न्यायाधिवक्ताको भूमिका महत्वपुर्ण सान्दर्भिक रहेको छ। प्रदेश सरकारलाई समयानुकुल कार्य गर्नका लागि आवश्यक पर्ने कानूनको मस्यौदा निर्माण, नियमावली, कार्य विधि तथा निर्देशिकाहरु बनाउनका लागि समेत मुख्य न्यायाधिवक्ताको कार्यालयबाट भरपुर सहयोग एवं परामर्श समेत दिइदै आएको छ।

# ६. मुख्य न्यायाधिवक्ताको काम कर्तव्य अधिकार तथा सेवाका सर्त सम्बन्धि व्यवस्था गर्न बनेको ऐन २०७४

# प्रदेश राजपत्र

**कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड १) सुर्खेत, साउन ९ गते, २०७५ साल (अतिरिक्ताङ्क १३**

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संम्वत् २०७५ सालको ऐन नं. १२**

१

**खण्ड १) अतिरिक्ताङ्क १३ प्रदेश राजपत्र भाग १ मिति २०७५।४।९**

**मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना** : कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी कानून तर्जुमा गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "महान्यायाधिवक्ता" भन्नाले संविधानको धारा १५७ को उपधारा (२) बमोजिम नियुक्त नेपालको महान्यायाधिवक्ता सम्झन पर्छ ।

(ख) "मुख्य न्यायाधिवक्ता" भन्नाले संविधानको धारा १६० बमोजिम नियुक्त मुख्य न्यायाधिवक्ता सम्झनु पर्छ ।

(ग) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(घ) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका बमोजिम तोकिएको सम्झनु पर्छ ।

(ङ) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत सम्झनुपर्छ । सो शब्दले कानून बमोजिम स्थापना भएका अन्य न्यायिक निकाय र मुद्दा हेर्न तोकिएका निकायलाई समेत जनाउँदछ ।

(च) "प्रदेश" भन्नाले कर्णाली प्रदेशलाई जनाउँदछ ।

२

३. **मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना** : (१) प्रदेश राजधानी रहेको स्थान वीरेन्द्रनगर, सुर्खेतमा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना हुनेछ ।

(२) मुख्य न्यायाधिवक्ताको कार्यालयमा आवश्यक सङ्ख्यामा प्रदेश न्याय सेवा वा प्रदेश सरकारी सेवाका कर्मचारीहरू रहनेछन् ।

(३) उपदफा (२) बमोजिमको जनशक्ति व्यवस्थापन नहुन्जेल सम्मका लागि मुख्य न्यायाधिवक्ताले महान्यायाधिवक्ताको कार्यालयसँग आवश्यक सरकारी वकील र कर्मचारी माग गरी काममा लगाउन सक्नेछ ।

४. **काम, कर्तव्य र अधिकार** : (१) संविधानको धारा १६० मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश सरकार वादी वा प्रतिवादी भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट उपस्थित भई बहस पैरवी गर्ने गराउने;

(ख) प्रदेश सरकार र मातहतका निकायका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेशस्थित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने;

(ग) प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाइ आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु





पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने;

(घ) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर कायम गर्न त्यस्ता कार्यालय बीच आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने र

(ङ) प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसँग वा कानून व्यवसायी मार्फत् भेटघाट गर्न नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैंले प्रतिनिधित्व गर्न वा अन्तर्गतका अधिकृत कर्मचारीलाई खटाउन सक्नेछ ।

(३) कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्तर्गतका अधिकृत कर्मचारीले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(४) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट प्रदेश सरकारको हकहित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा

सार्वजनिक हितविपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैंले वा निजले तोकेको अधिकृत कर्मचारीले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

(५) मुख्य न्यायाधिवक्तालाई सम्बन्धित प्रदेश सरकारको हकहित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(६) मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्नेछ ।

(७) मुख्य न्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकार मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५. **मुख्य न्यायाधिवक्ताको योग्यता :** (१) कानूनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रूपमा कम्तीमा दश वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा दश वर्ष कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर काम गरेको वा न्याय सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको नेपाली नागरिक मुख्य न्यायाधिवक्ताको पदमा नियुक्तिका लागि योग्य मानिनेछ ।

६. **सहयोग गर्नुपर्ने :** (१) प्रदेश सरकार वादी भएको मुद्दा वा प्रदेश सरकारलाई सरोकार पर्ने अन्य कुनै मुद्दा कुनै अड्डा अदालतमा विचाराधीन रहेको अवस्थामा वा मुद्दा पर्ने वा मुद्दा दायर गर्नुपर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका काममा मुख्य न्यायाधिवक्ताले सहयोग माग गरेमा प्रदेशका सम्बन्धित मन्त्रालय, विभाग वा निकायले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाई सहयोग गर्नुपर्नेछ ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाइल वा कागजात मुख्य न्यायाधिवक्ता





कार्यालयबाट माग भएमा प्रदेशका सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालय प्रमुखले यथाशीघ्र मुख्य न्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ ।

७. **लिखित जवाफ पेश गर्नुपर्ने :** प्रदेश सरकार र सो अन्तर्गतका निकायले अदालत वा न्यायिक निकायमा निवेदन, लिखित जवाफ, प्रत्युत्तर, पुनरावेदन आदि पेश गर्दा मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत पेश गर्नुपर्नेछ ।

८. **कानूनी राय माग्दा पुऱ्याउनु पर्ने रीत :** (१) प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले प्रदेश सरकार वा प्रदेश सरकार मातहतका कार्यालयले कुनै संवैधानिक वा कानूनी प्रश्नमा मुख्य न्यायाधिवक्तासँग राय माग गर्दा देहाय बमोजिमको रीत पूरा गरेको हुनुपर्छ :-

(क) जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको;

(ख) जुन विषयमा राय माग गरिएको हो सो सँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको;

(ग) राय मागिएको विषयमा स्पष्टत: संवैधानिक वा कानूनी प्रश्न उल्लेख गरिएको;

(घ) जुन विषयमा राय मागिएको हो सो विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनुपर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नुपर्ने भएमा सो राय मागी सकेपछि तथा त्यस्तो प्रक्रिया पूरा गरिसकेपछि मात्र राय मागिएको र

(ङ) जुन विषयमा राय माग गरिएको हो सो सम्बन्धमा विभागीय राय वा सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको ।

(२) उपदफा (१)बमोजिम राय माग गरिएको विषय र राय दिएको विषय गोप्य हुनेछ ।

९. **मुद्दाको बहसमा तजबिज:** (१) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा मुख्य न्यायाधिवक्ताले कुनै विशेष निर्देशन दिएको रहेछ भने त्यसको अधीनमा रही खटाइएको अधिकृत कर्मचारीले व्यावसायिक आचरणको पालना गरी आफ्नो तजबिज अनुसार मुद्दामा बहस गर्नेछ ।

(२) उपदफा (१)बमोजिम बहस पैरवी गरेको कारणलाई मात्र आधार लिई खटाइएको अधिकृत कर्मचारी उपर कुनै कारबाही गरिने वा गाली बेईज्जती मुद्दा चलाइने छैन ।

१०. **नियुक्ति, सरुवा, बढुवा र विभागीय कारबाही गर्ने अधिकार :** (१) मुख्य न्यायाधिवक्ताको कार्यालयका न्यायाधिवक्ता र अन्य कर्मचारीको नियुक्ति, बढुवा, विभागीय कारबाही तथा सरुवा गर्ने अधिकार प्रदेश कानूनको अधीनमा रही मुख्य न्यायाधिवक्तालाई हुनेछ ।

(२) महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका सरकारी वकील र कर्मचारीलाई कारवाही गर्नुपर्ने अवस्था देखिएमा सोही व्यहोरा उल्लेख गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ ।

११. **कारबाही गर्न सक्ने :** (१) प्रदेश सरकारको हक हित र सरोकार रहेको मुद्दामा कुनै अधिकारीले लापरवाही वा बदनियत साथ काम गरेको वा संलग्न वा उल्लेख गर्नुपर्ने उपलब्ध प्रमाण वा सबुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा मुख्य न्यायाधिवक्ताले त्यस्तो अधिकारीलाई निजको सेवा शर्तसम्बन्धी कानून बमोजिम विभागीय कारबाहीको लागि लेखी पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम मुख्य न्यायाधिवक्ताबाट लेखी आएमा प्रचलित कानून बमोजिम कारवाही गर्नुपर्ने देखिएमा सम्बन्धित निकायले त्यस्तो अधिकारीलाई विभागीय कारबाही गर्नुपर्नेछ ।

१२. **मार्गदर्शनको पालना गर्नुपर्ने :** (१) महान्यायाधिवक्ताले प्रदेशको मुख्य न्यायाधिवक्तालाई संविधान तथा संघीय कानूनको कार्यान्वयनको सम्बन्धमा आवश्यक सुझाव वा मार्गदर्शन दिन सक्नेछ ।



खण्ड १) अतिरिक्ताङ्क १३ प्रदेश राजपत्र भाग १ मिति २०७५।४।९

(२) उपदफा (१) बमोजिम महान्यायाधिवक्ताले दिएको सुझाव वा मार्गदर्शनको पालन गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ ।

१३. **काम, कारवाहीको प्रतिवेदन:** (१) मुख्य न्यायाधिवक्ताले काम कारवाहीको वार्षिक प्रतिवेदन तोकिएको ढाँचामा प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्नेछ र त्यस्तो प्रतिवेदन प्रदेश सभामा पेश हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन महान्यायाधिवक्तालाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रत्येक आर्थिक वर्षको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्नु वा उपलब्ध गराउनुपर्छ ।

(४) उपदफा (१) बमोजिम पेश गरिने वार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक स्थिति चित्रण गरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका विषयमा आवश्यक सिफारिस र सुझावसमेत उल्लेख गरेको हुनुपर्छ ।

१४. **पारिश्रमिक र अन्य सुविधा :** (१) मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा उच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तसम्बन्धी ऐनमा उक्त न्यायाधीशलाई भएसरह हुनेछ ।

तर मुख्य न्यायाधिवक्ताले उच्च अदालतका न्यायाधीश सरह उपदान र निवृत्तिभरण पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको पारिश्रमिक तथा सुविधा प्रदेश सरकारबाट उपलब्ध हुनेछ ।

१५. **विदा स्वीकृति :** (१) मुख्य न्यायाधिवक्ताको विदा मुख्यमन्त्रीबाट स्वीकृत हुनेछ ।

(२) पर्व विदा र भैपरी आउने विदा मुख्य न्यायाधिवक्ताले आफैं लिन सक्नेछ । तर एकै पटक तीन दिनभन्दा लामो विदामा बस्नु परेमा मुख्यमन्त्रीको सहमति आवश्यक पर्नेछ ।

१६. **शपथ ग्रहण** : मुख्य न्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतको मुख्य न्यायाधीश समक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ ।

१७. **आचारसंहिता बनाउन सक्ने** : प्रदेश मन्त्रिपरिषद्ले मुख्य न्यायाधिवक्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाउन सक्नेछ ।

१८. **नियम बनाउन सक्ने** : (१) यो ऐनको कार्यान्वयनका लागि मुख्य न्यायाधिवक्तासँग आवश्यकता अनुसार परामर्श गरी प्रदेश सरकारले नियम बनाउन सक्नेछ ।

(२) प्रदेश सरकारको तर्फबाट गरिने बहस, पैरवी र प्रतिरक्षा एवम् कानूनी राय समेतका सम्बन्धमा मुख्य न्यायाधिवक्ताले आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

१९. **खारेजी र बचाउ** : हालसम्म प्रचलित कानून अनुसार भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भएको सरह मानिनेछ ।





**अनुसूची**

(दफा १६ सँग सम्बन्धित)

शपथ

म ....... ....... ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण वफादार रहँदै मुख्य न्यायाधिवक्ता पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नुपर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालन गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मिति :

................

हस्ताक्षर

प्रमाणीकरण मिति : २०७५।४।९

## ७. प्रदेश सभा माननीय ज्यूहरुको नामावली

| क्र.सं. | नाम/थर | पद | जिल्ला | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | मा.महेन्द्र बहादुर शाही | मुख्यमन्त्री | कालिकोट-२ | ९८५११७७७३३ |
| २ | मा.राज बहादुर शाही | सभामुख | दैलेख-२ | ९८५११२८५६४ |
| ३ | मा.नरेश भण्डारी | प्रदेश सभा सदस्य | जुम्ला-१ | ९८५११२६९९५ |
| ४ | मा.दल रावल | प्रदेश सभा सदस्य | हुम्ला-१ | ९८५८०२१६५२ |
| ५ | मा.विमला के.सी. | प्रदेश सभा सदस्य | रुकुम पश्चिम | ९८५७०२३४६३ |
| ६ | मा.खड्क बहादुर खत्री | प्रदेश सभा सदस्य | सुर्खेत-२ | ९८५८०५०१९९ |
| ७ | मा.पुष्पा घर्ती विष्ट | उपसभामुख | सुर्खेत | ९८४८४९८०२४ |
| ८ | मा.अमृता शाही | प्रदेश सभा सदस्य | सुर्खेत | ९८४८०९४३२५ |
| ९ | मा.करवीर शाही | प्रदेश सभा सदस्य | जाजरकोट-२ | ९८५८०९४१७७ |
| १० | मा. कृष्णा शाह | प्रदेश सभा सदस्य | जाजरकोट | ९८५१२५२३२२ |
| ११ | मा.कौशिलावती खत्री | प्रदेश सभा सदस्य | जाजरकोट | ९८४८५९०१९१ |
| १२ | मा.गणेश प्रसाद सिंह | प्रदेश सभा सदस्य | जाजरकोट-१ | ९७४८०५००९० |
| १३ | मा.गुलावजंग शाह | प्रदेश सभा सदस्य | सल्यान-१ | ९८५१०५९०८९ |
| १४ | मा.गोपाल शर्मा | प्रदेश सभा सदस्य | रुकुमपश्चिम२ | ९८५७०६०५३९ |
| १५ | मा.चन्द्र बहादुर शाही | प्रदेश सभा सदस्य | मुगु-२ | ९८५१०००५६८ |
| १६ | मा.जीवन बहादुर शाही | प्रदेश सभा सदस्य | हुम्ला-२ | ९८५१०४२५७६ |
| १७ | मा.झोवा वि.क | प्रदेश सभा सदस्य | मुगु | ९७४८९१२१११ |
| १८ | मा.ठम्मर बहादुर विष्ट | प्रदेश सभा सदस्य | सुर्खेत-१ | ९८४८१९०१२१ |
| १९ | मा.दानसिंह परियार | प्रदेश सभा सदस्य | मुगु-१ | ९८४३७८८६६५ |
| २० | मा.दिनबन्धु श्रेष्ट | प्रदेश सभा सदस्य | जुम्ला | ९८४१४१३२७४ |
| २१ | मा.देवी ओली | प्रदेश सभा सदस्य | रुकुम पश्चिम | ९८४३४७८२९७ |
| २२ | मा.पदम बहादुर रोकाय | प्रदेश सभा सदस्य | जुम्ला-२ | ९८५८३२०६३० |
| २३ | मा.पद्मा खड्का | प्रदेश सभा सदस्य | सुर्खेत | ९८५८०५२१०१ |
| २४ | मा.बदमी क्वारी बोहोरा | प्रदेश सभा सदस्य | डोल्पा | ९८४८३०३९२८ |
| २५ | मा.विन्दमान विष्ट | प्रदेश सभा सदस्य | सुर्खेत-२ | ९८५१२०७७१२ |
| २६ | मा. मिनसिंह रखाल | प्रदेश सभा सदस्य | दैलेख | ९८४८०६३६७१ |
| २७ | मा.यज्ञ बहादुर वि.सी. | प्रदेश सभा सदस्य | सुर्खेत | ९७४८०२४६६१ |
| २८ | मा.यामलाल कडेल | प्रदेश सभा सदस्य | सुर्खेत-१ | ९८५८०५००१२ |

| क्र.सं. | नाम/थर | पद | जिल्ला | सम्पर्क नं. |
|---|---|---|---|---|
| २९ | मा.राजु नेपाली | प्रदेश सभा सदस्य | सुर्खेत | ९८५८११९६७७ |
| ३० | मा.रातो कामी | प्रदेश सभा सदस्य | रुकुम पश्चिम१ | ९८५७८२४२८९ |
| ३१ | मा.विर बहादुर शाही | प्रदेश सभा सदस्य | डोल्पा-२ | ९८५८०२३४९७ |
| ३२ | मा.सिता कुमारी नेपाली | प्रदेश सभा सदस्य | सुर्खेत | ९७४८०१६६३५ |
| ३३ | मा.सुशिल कुमार थापा | प्रदेश सभा सदस्य | दैलेख-१ | ९८५८०८९६६६ |
| ३४ | मा.सोशिला शाही | प्रदेश सभा सदस्य | कालिकोट | ९८४८१०८२९६ |
| ३५ | मा.हिम बहादुर शाही | प्रदेश सभा सदस्य | दैलेख | ९८५८०५००७३ |

## ८. प्रदेश प्रमुख तथा कर्णाली प्रदेश सरकारका प्रमुख, मुख्यमन्त्री र मन्त्रीज्यूहरुको नामावली

| क्र.सं. | प्रदेश सभा तथा मन्त्रालय | माननीय मन्त्रीको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | प्रदेश प्रमुख | मा.गोविन्दप्रसाद कलौनी | ९८५८७५००५५ |
| २ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | मा.महेन्द्र बहादुर शाही | ९८५११७७७३३ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | मन्त्री मा. गोपाल शर्मा | ९८५७०६०५३९ |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | मन्त्री मा. सीता नेपाली | ९८५८०८९६६६ |
| ५ | सामाजिक विकास मन्त्रालय | मन्त्री मा. यज्ञ बहादुर वि.सी. | ९७४८०२४६६१ |
| ६ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | मन्त्री मा. कुर्मराज शाही | ९८४८३०६०९५ |
| ७ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | मन्त्री मा. नन्दसिंह बुढा | ९८५८०८९७०१ |
| ८ | भौतिक पूर्वधार विकास मन्त्रालय | अम्मर बहादुर थापा | ९८५११९५१२३ |

## ९. आ.व. २०७७/७८ मा भएका कार्यक्रमहरुको झलक

क. मिति २०७७/११/१४ गते वीरेन्द्रनगर सुर्खेतमा १ दिवसीय प्रचलित कानून कार्यान्वयन, चुनौति समस्या समाधान विषयक कार्यक्रम






ख. मिति २०७७/११/२५ र २६ गते वीरेन्द्रनगर सुर्खेतमा कानूनी एवंम् लिखित जवाफ सम्बन्धि दुई दिने अन्तरक्रियात्मक कार्याक्रम





ग. मिति २०७७/१२/ २५ र २६ गते खलंगा जाजरकोटमा दुई दिवसीय कानूनी सचेतना कार्यक्रमहरुको एक झलक






घ. सपथ ग्रहण पश्चात् मिति २०७७ चैत्र ६ गतेको सामूहिक फोटो



ङ. २०७७ चैत २७ गते सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरुसँग वार्षिक समिक्षा अन्तरक्रियात्मक कार्यक्रम



च. मुख्य न्यायाधिवक्ता मा. मातृका प्रसाद खनाललाई २०७८ बैशाख १२ गते जुम्लाबारको स्वागत कार्यक्रमको झलक



१०. आ.व.२०७५/७६ मा मुख्य न्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरु



## ११. आ.व.२०७६/७७ मा मुख्य न्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरु



## १२. मुख्य न्यायाधिवक्ता

| | नाम | देखि | सम्म | सम्पर्क नं. |
|---|---|---|---|---|
| मुख्य न्यायाधिवक्ता | मा.विद्याभुषण मानन्धर | २०७४/१२/२८ | २०७७/१०/३० | ९८४८०२२०२२ |
| मुख्य न्यायाधिवक्ता | मा.मातृका प्रसाद खनाल | २०७७/१२/०६ | - | ९८५८०२३२६४ |

## १३. आ.व.२०७५/०७६ मा यस कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं | नाम | पद | देखि | सम्म | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | उत्तम बहादुर थापा | उप-न्यायाधिवक्ता | २०७५/०२/२० | २०७५/११/३ | ९८४८०२३५३१ |
| २ | नरेन्द्र देवकोटा | उप-न्यायाधिवक्ता | २०७५/१२/०१ | २०७६/७/३० | ९८४८३१५३९९ |

| क्र.सं | नाम | पद | देखि | सम्म | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| ३ | विष्णु गौली | शाखा अधिकृत | २०७५/०२/०१ | २०७६/१०/३० | ९८४०२१०६०६ |
| ४ | खड्क ब. खड्का | शाखा अधिकृत | २०७५/११/२६ | २०७५/१२/११ | ९८४८४७५७६४ |
| ५ | आरती चपाई | शाखा अधिकृत | २०७५/११/२९ | २०७६/०४/०३ | ९८४८२८८५०१ |
| ६ | प्रजङ खत्री | ना.सु | २०७५/०४/०१ | २०७५/०५/०८ | ९८६९४५२६६९ |
| ७ | तिलराज खत्री | ना.सु. पाँचौ | २०७६/०४/०४ | २०७६/०९/२८ | ९८४८१५३५८९ |
| ८ | नेत्र प्रसाद आचार्य | का.स. | २०७५/०७/०४ | २०७५/११/३० | ९८१४१५१२१३ |

## १४. आ.व.२०७६/०७७ मा यस कार्यालयमा कार्यरत कर्मचारी विवरण

| क्र.सं | नाम | पद | देखि-सम्म | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | - | उप-न्यायाधिवक्ता | - | - |
| २ | भिमराज गौली | सहायक न्यायाधिवक्ता | २०७६/०७/०८ | ९८५८०५०२७४ |
| ३ | चन्द्र बहादुर खत्री | सहायक न्यायाधिवक्ता | २०७६/११/०१ | ९८४८०४१२०७ |
| ३ | खेमराज के.सी | अधिकृत छैटौ | २०७६/०३/१७ | ९८४८०४९९६९ |
| ४ | निर्मला गौली | लेखा अधिकृत छैटौ | २०७५/०४/०३ | ९८५८०५३६६४ |
| ५ | लक्ष्मीप्रसाद लामिछाने | ना.सु | २०७७/०४/३० | ९८५८०५८११८ |
| ६ | अमिता कुमारी चन्द | स.क.अपरेटर | २०७६/०४/१२ | ९८४८१०८३६८ |
| ७ | पुर्ण बहादुर जि.सी | ह.स.चा. | २०७५/१२/१० | ९८५८०६१८०७ |
| ८ | बुद्धिराम चौधरी | का.स | २०७५/०६/०१ | ९८०४५४५६७४ |
| ९ | निर्कला विष्ट | का.स | २०७५/०१/०२ | ९८४८१५८८८२ |

# १५. मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारी विवरण

| क्र.सं. | नाम | पद | देखि-सम्म | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | द्रोणदत्त पौडेल | उप-सचिव | २०७७/०९/०२ | ९८५८०५५३०४ |
| २ | भिमराज गौली | सहायक न्यायाधिवक्ता | २०७६/०७/०८ | ९८५८०५०२७४ |
| ३ | श्रीराम ओझा | सहायक न्यायाधिवक्ता | २०७७/१२/६ | ९८४८०४१२०७ |
| ४ | खेमराज के.सी | अधिकृत छैटौ | २०७६/०३/१७ | ९८४८०४९९६९ |
| ५ | निर्मला गौली | लेखा अधिकृत छैटौ | २०७५/०४/०३ | ९८५८०५३६६४ |
| ६ | लक्ष्मीप्रसाद लामिछाने | ना.सु | २०७७/०४/३० | ९८५८०५८११८ |
| ७ | अमिता कुमारी चन्द | स.क.अपरेटर | २०७६/०४/१२ | ९८४८१०८३६८ |
| ८ | पुर्ण बहादुर जि.सी | ह.स.चा. | २०७५/१२/१० | ९८५८०६१८०७ |
| ९ | बुद्धिराम चौधरी | का.स | २०७५/०६/०१ | ९८०४५४५६७४ |
| १० | निर्कला विष्ट | का.स | २०७५/०१/०२ | ९८४८१५८८८२ |


नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
प्रदेश नं. ५
गण्डकी प्रदेश
बागमती प्रदेश
प्रदेश नं. २
प्रदेश नं. १
मानचित्र - १ : १,०००,०००
संकेत

# कर्णाली प्रदेश




बुलबुले ताल, सुर्खेत


कुभिन्डे दह, सल्यान


रारा ताल, मुगु



फोक्सुन्डो ताल, डोल्पा



# विजयादशमी, शुभदीपावली
## तथा
# छठ पर्व २०७८ को

सुखद् उपलक्ष्यमा सम्पुर्ण स्वदेश तथा विदेशमा
रहनु हुने सम्पूर्ण महानुभाव, दाजुभाइ तथा
दिदीबहिनिहिरूमा हार्दिक मंलमय
शुभकामना व्यक्त गर्दछौं ।







## मुख्य न्यायाधिवक्ताको कार्यालय
**कर्णाली प्रदेश**
वीरेन्द्रनगर, सुर्खेत
नेपाल



काँक्रेविहार, सुर्खेत